वर्ष : १६, अंक : १८, काठमाडौं, २०७७ साउन ३० गते शुक्रबार, 14 August 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## जसपाको विज्ञप्तिप्रति आपत्ति

काठमाडौं । 'जनता समाजवादी पार्टी नेपाल'ले हालै जारी गरेको विज्ञप्तिको एक अंशप्रति प्रधानमन्त्री केपी शर्मा ओलीका प्रेस सल्लाहकार सूर्य थापाले आपत्ति जनाएका छन् । उनले मंगलबार एक प्रेस नोट जारी गर्दै भनेका छन्, 'सम्माननीय प्रधानमन्त्रीप्रति लक्षित विज्ञप्तिमा रहेको "...केपी ओली सरकारको कुनै ठोस कार्ययोजना नरहेको र प्रधानमन्त्री शारिरीक र मानसिक दृष्टिले अत्यन्तै कमजोर रहेको..." भन्ने टिप्पणी अशिष्ट र पूर्वाग्रही टिप्पणी अत्यन्त दुराशयपूर्ण र खेदजनक छ ।' 'पटकपटक राज्यका जिम्मेवार तहमा रहिसकेका र प्रधानमन्त्रीको समेत जिम्मेदारी सम्हालिसकेका, अझ आफूलाई सुशिक्षित भनेर चिनाउन रूचाउनेहरू संलग्न दलबाट यस स्तरको तरिका खासमा कुण्ठाग्रस्त गालीगलोज मात्र हो र सोचको दिवालियापन नै हो ।' राजनीतिमा विवाद, मतभेद र असहमतिहरू हुन्छन्, जसलाई स्वाभाविक नै मानिन्छ । त्यसै आधारमा यस स्तरको अपसंस्कारको प्रदर्शनबाट कहाँ पुगिन्छ ? सम्बन्धित व्यक्ति र पक्षहरूले नै हेक्का राख्नु श्रेयष्कर होला । सिद्धान्त, नीति र कार्यक्रममा बहस गर्न नसक्ने निरूपाय व्यक्तिहरू नै आफ्नो स्वार्थका रोटी सेक्न नपाउँदा आँखा चिम्लेर अँध्यारो देख्छन् र उज्यालोको भर्त्सनामा जुट्छन् । 'जहाँसम्म प्रधानमन्त्री केपी शर्मा ओलीलाई आलोचना, विरोध र गालीगलोज गरिएको सन्दर्भ हो, यो कुनै नौलो कुरा होइन । आफ्नो निहीत स्वार्थ पूरा गर्न उहाँलाई बाधक देख्नेहरूले विगत छ दशकयता यसो गर्दै आएको तथ्य स्पष्ट नै छ । त्यस्ता तत्वहरू इतिहासको गर्तमा सीमित भइसकेका छन् । अरूबाट निर्देशित कदम, गलत नीति, विचार र व्यवहारले कोही कसैलाई सफलता हासिल हुँदैन भन्ने जगजाहेर छ ।' प्रेस नोटमा भनिएको छ ।

## जसपाको पहिलो केन्द्रीय कार्यकारणी बैठक

# एजेण्डा सात, निष्कर्ष शून्य

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) को केन्द्रीय कार्यकारिणी समितिको बैठक राजधानीमा सम्पन्न भएको छ । समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबिच एकता भएर बनेको जसपाको पहिलो कार्यकारिणी बैठक बसेको हो ।

बैठकको मुख्य उद्देश्य एकीकरणको खाका तयार पार्ने रहेको थियो । एकता महाधिवेशनअघि सम्मका लागि पार्टीको सर्वोच्च निकाय केन्द्रीय कार्यकारिणी समितिमा रहेका ५१ जना नेताको कार्य विभाजन पनि बैठकको एजेन्डा थियो ।

बैठकको सुरुमा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले एजेन्डाहरू प्रस्तुत गरेका थिए । त्यसको भोली पल्ट ती अध्यक्षद्वयले प्रस्तुत गरेका एजेन्डाहरू माथि छलफल सुरु गरिएको थियो ।

सुरुमा पहिलो बैठक भएकाले चार दिनसम्म प्रशिक्षण चलाउने र त्यसपछिको दुई दिन बैठक गर्ने कार्यतालिका जसपाले सार्वजनिक गरेको थियो ।

तर, पछिल्लो समयमा कोरोना संक्रमणका बढ्न थालेकाले बैठकलाई छोट्याइएको थियो । प्रशिक्षण स्थगित गरेर सीधै एजेन्डामाथि छलफल गरिएको थियो ।

तर बैठक नेताहरूको पदीय बाँडफाँट र जिम्मेवारी नतोकीकनै सकियो । तत्कालीन राजपा र समाजवादीको एकीकरणपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकमा जिम्मेवारी बाँडफाँटको मुद्दा नै मुख्य चासो बनेको थियो ।



बैठकमा कार्यविभाजनलाई लिएर विवाद बढ्न सक्ने भन्दै नेताहरूले यो एजेन्डालाई छलफलबाट हटाएका थिए । सानो टिमबाट मात्रै समाधान निकाल्न सकिने भन्दै कार्यविभाजन र पार्टीको संगठनात्मक समायोजनको काम गर्न नेताहरूकै प्रस्तावमा सचिवालय बनाउने निर्णय भएको छ ।सचिवालयमा अध्यक्षद्वय महन्थ ठाकुर, उपेन्द्र यादव, वरिष्ठ नेताहरू अशोक राई, बाबुराम भट्टराई र राजेन्द्र महतो छन् ।

बैठकमा केन्द्रीय कार्यकारिणी समितिमा रहेका सबैको पद तथा जिम्मेवारी बाँडफाँट तत्काल तोक्न सदस्यहरूले माग गरेका थिए । निर्वाचन आयोगमा दल दर्ताका क्रममा दुई अध्यक्ष, तीन वरिष्ठ नेतासहित ५१ सदस्यीय केन्द्रीय कार्यकारिणी समिति गठन गरिएको थियो । पार्टीका केन्द्रीय तहका अन्य संरचना बन्न सकेका छैनन् । पार्टीका मुख्य नेताहरू नै ५१ जनाको केन्द्रीय कार्यकारिणीमा छन् । यो नै पदाधिकारीहरूको समिति हो ।

जनता समाजवादीका लागि सबैभन्दा ठूलो सकस नै ५१ जना नेताको व्यवस्थापन बनेको छ । बैठकमा अध्यक्षद्वयले कार्यविभाजनको एजेन्डालाई स्थगन गर्ने प्रस्ताव गरेका थिए । त्यसपछि समसामयिक राजनीति र कोभिड-१९ संक्रमणका विषयमा छलफल केन्द्रित भएको थियो ।

**विवाद चुलिदैं**

हतार हतारमा एकीकरणका कारा गरिएको जसपामा नेतृत्व चयन हुन नसक्दा विवाद बढ्दै गएको छ । विवादकै कारण पार्टी सुस्त बन्न थालेको छ ।

पार्टी एकीकरण भएको डेढ महिना बिते पनि नेतृत्वको टुंगो अझै लाग्न सकेको छैन । नेतृत्व टुंगो लगाउन विगत डेढ महिनामा पटक पटक आन्तरिक बैठक भए पनि नेताहरु आफ्नो अडानबाट टसमस नभएपछि विवाद सतहमै आउन थालेको हो । सीमा विवादलगायतका राष्ट्रिय मुद्दामा यो पार्टी मौन बस्दै आएको छ ।

एकीकृत पार्टीको कार्यकारी अधिकारसहित केन्द्रीय समितिको अध्यक्षमा ठाकुरलाई र संघीय परिषद्को अध्यक्षमा डा. भट्टराईलाई राख्ने भद्र सहमति भए पनि कार्यकारी अधिकारका अन्य नेताले भद्र सहमति तोड्दै भाजो हालिरहेको जसपाका एक नेताले बताए ।

'कार्यकारी अधिकारसहित केन्द्रीय समितिको अध्यक्षमा ठाकुर र संघीय परिषद्को अध्यक्षमा डा. भट्टराईलाई राख्नेमा विवाद सिर्जना हुँदैछ,' ती नेताले भने, 'मुख्यतः उपेन्द्र र राजेन्द्र आफूसँग पार्टीको बढी अधिकार राख्न खोज्दै आफ्नो मर्यादाक्रममा बढी चिन्तित देखिएका छन् ।' उनीहरुकै कारण पार्टी एकताले मूर्तरूप लिन नसकेको हो ।'

पार्टी एकीकरण गर्दा समानताका आधारमा सबै नेताको व्यवस्थापन गरिने सहमति भएको थियो । तर, अहिले आएर समाजवादी पार्टीबाट केन्द्रीय समितिको अध्यक्षमा ठाकुर र यादवलाई राखेर जाने वैकल्पिक प्रस्तावमा समेत छलफल सुरु भएको छ । यस्तो प्रस्ताव आएपछि महतोले आफ्नो 'पोजिसन' बलियो बनाउन खोजेका छन् । दुई अध्यक्ष राख्ने समाजवादीको प्रस्ताव राजपाले अस्वीकार

*बाँकी अन्तिम पृष्ठमा*

**एजेन्डाहरू**

- समायोजनसम्बन्धी निर्देशिका
- आचार एवं व्यवहारसम्बन्धी आचारसंहिता
- वर्तमान परिस्थिति र हाम्रो दायित्व
- कार्यकारी समितिको कार्य विभाजन
- संगठनात्मक कार्ययोजना
- समसामायिक प्रस्ताव
- विविध

## प्रदेश २ का मन्त्रीहरु लोभलालच बाँड्दै

काठमाडौं । वैश्विक महामारी कोरोना भाइरस (कोभिड-१९) को हटस्पट बनेको प्रदेश २ का मन्त्रीहरु यतिबेला आफ्नो मन्त्री पद निरन्तरताका लागि अध्यक्षहरुबीच लोभलालच बाँड्दै काठमाडौंमा व्यस्त देखिएको चर्चा छ ।

प्रदेश २ मा कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको छ । मुख्य शहरहरु कोरोनाका केन्द्रको रुपमा परिणत भइरहेका छन् । दिनहुँ संक्रमितहरुको मृत्यु भइरहेको छ । तर यस्ता जनजीविकासँग जोडिएका विषयहरु प्रदेश २ सरकारको प्राथमिकतामा पर्न सकेको छैन ।

विगतदेखि प्रदेश २ का मन्त्रीहरुमाथि व्यापक भ्रष्टाचार, अनियमितता र कमिशन खाने लगायतका आरोपहरु लाग्दै आएका थिए । महामारी फैलिएको बेलामा पनि मन्त्रीहरुको कार्य र व्यवहारमा कुनै परिवर्तन नआएपछि सत्तारुढ दलकै सांसदहरुले प्रदेश २ का मन्त्रिमण्डल परिवर्तन गरी काम गर्ने क्षमतावान र स्वच्छ छविका अनुहारहरु पठाउन पार्टी नेतृत्वलाई सामूहिकरुपमा दबाब दिन केन्द्रीय कार्यालय पुगेका थिए ।

प्रदेशका मन्त्रीहरु भ्रष्टाचारमा चुर्लुम्म डुबे, व्यापक अनियमितता गरे, कमिशनमा लागे, जातिवादलाई बढावा दिए, संघीयता विरुद्ध जनमत तयार गरे, आगामी चुनावमा क्षतिको सम्भावना रहेको भन्दै सत्तारुढ दल जनता समाजवादी पार्टी नेपालकै १५ जना सांसदले अध्यक्ष तथा शीर्ष नेताहरुलाई डेलिगेशन दिएका छन् भने कतिपय सांसदहरु प्रदेशबाटै दबाब निर्माण गरिरहेका छन् । अधिकांश सांसदहरु मन्त्रीहरुको कार्यशैलीबाट रुष्ट छन् ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणभन्दा पनि मन्त्रीहरु भ्रष्टाचार र व्यापक अनियमिततामा लागेको भन्दै सत्तारुढ दलकै १५ जना सांसदले जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव, वरिष्ठ नेताहरु डा.बाबुराम भट्टराई, राजेन्द्र महतो, शीर्ष नेताहरु

*बाँकी अन्तिम पृष्ठमा*

## कोभिडले सीमामै अड्कियो नेपाली रेल

काठमाडौं । भारतबाट गत माघमा रेल सेट ल्याउने तयारी भए पनि कोभिड-१९ का कारण ढिलाइ भएको छ । भारतबाट ल्याइएको सेट सीमामा रोकिएको रेल विभागले जनाएको छ । सरकारले खरिद गरेको सो रेल सेट सीमामा आइसकेर पनि नेपाल ल्याउन नसकिएको विभागका महानिर्देशक बलराम मिश्रले बताए ।

सबै प्रक्रिया पूरा गरेर ल्याएपछि त्यसको परीक्षण गरिने उनको भनाइ छ । प्रक्रिया पूरा गरेर एक महिनामा ल्याउने तयारी गरिएको छ ।

रेल सञ्चालनका लागि जनशक्ति अर्थ मन्त्रालयमा सहमतिका लागि पठाइएको महानिर्देशक मिश्रले बताए । मन्त्रिपरिषद्ले रेल्वे कम्पनीका लागि २०० जनशक्ति स्वीकृत गरेको थियो । विभागले गरेको सिफारिसका आधारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मन्त्रिपरिषद्मा सो प्रस्ताव गरेको थियो ।

भारतको जयनगरदेखि जनकपुर हुँदै कुर्थासम्मको रेलमार्ग तयार भइसकेको छ । बिजुलापुरसम्मको रेलमार्ग निर्माण भइरहेको छ । बिजुलापुरासम्म भने चालु आवमा सकेर त्योभन्दा अघि निर्माणका लागि यो वर्ष नै ठेक्का सम्झौता गर्ने लक्ष्य रहेको महानिर्देशक मिश्रले जानकारी दिए ।

सो रेलमार्गमा निर्माणको काम हुनुपर्ने जति गतिमा नभएको उनले स्वीकारे। बिजुलपुरादेखि बर्दिवाससम्म निर्माणको काम अघि बढ्न सकेको छैन । सो खण्डमा जग्गा अधिग्रहणको काम भइरहेको छ । उनले भने,'निर्माण सुरू भएपछि जग्गा अधिग्रहणको काम भइरहेको छ ।'

नेपाल सरकारले भारतीय सरकारी कम्पनी कोनकान कम्पनीमार्फत रेल सेट खरिद गरेको हो । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा रेलमार्ग निर्माण भएकामा सो रेलमार्गमा सञ्चालनका लागि रेल सेट नेपाल सरकारले खरिद गरेको हो । रेल सेट आइपुग्दै गर्दा विभागले विगतमा सञ्चालनमा रहेको रेल्वे कम्पनी ब्युँत्याउने भएको छ । कम्पनीमा दक्ष प्राविधिकसहित २०० कर्मचारीको प्रस्ताव गरिएको थियो । नेपालमा रेल्वे कम्पनीमा अहिले जनशक्ति ज्यादै न्यून छ । त्यसमा पनि रेलसम्बन्धी ज्ञान र क्षमता भएका व्यक्ति नभएको उनको भनाइ छ । रेलको सञ्चालन, मर्मतलगायतका कामका लागि इञ्जिनीयरिङ क्षेत्रका जनशक्तिसँगै कम्पनीमा प्रशासन, लेखालगायतका कर्मचारी आवश्यक भएको भन्दै विभागले प्रस्ताव गरेको हो ।

नेपाल भारत जोड्ने यो रेलमार्ग सञ्चालनको तयारी भइरहँदा रेल्वे विधेयक संसद्मा छलफलमा छ । सो विधेयकले रेल सञ्चालनका लागि छुट्टै प्राधिकरणको परिकल्पना गरेको छ । रेल्वे विधेयकमा अन्तर्राष्ट्रिय रेल सञ्चालन, चालकको योग्यता यात्रुको सुरक्षा, रेलको सुरक्षालगायतका विषय समेटिएको छ ।

सरकारले भारत सरकारसँग दुई वटा रेल सेट खरिद प्रक्रिया गत वर्षअघि बढाएको थियो। 'जि टु जि'(दुई सरकारका बीच) माध्यमबाट रेल खरिद गरिएको हो । डिजेल इलेक्ट्रिक मल्टिपल युनिट प्रविधिको सो सेटमा एउटामा पाँच वटा डिब्बा रहने विभागले जनाएको छ ।

भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्गका अरु भौतिक पूर्वाधार निर्माण भइसकेको छ । रेल लाइन तथा रेल्वे स्टेशन तयार भइसकेको बताइएको छ । यसमा कुर्थाबाट बिजलपुरा खण्ड १७ किलोमिटरसमेत गरेर ५२ किलोमिटर आगामी फागुनसम्म सम्पन्न हुने र त्यसपछि रेल त्यहाँसम्म विस्तार हुनेछ ।

जनकपुर-कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एकडेढ वर्ष पछिबाट काम शुरु भएको थियो । भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनीबाहेक अरु तीन स्थानमा निर्माण शुरु हुन सकेको छैन । भारत सरकारसँगको सम्झौतानुसार नै विराटनगरबाट बथनाहासम्म १८ किलोमिटर रेलमार्गमा १० किलोमिटरको काम सम्पन्न भएको भौतिक योजना तथा यातायात मन्त्रालयले जनाएको छ । दश किलोमिटर रेलमार्ग सञ्चालनका लागि तयार भइसकेको छ ।

सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज रहेका छन् । यी सबै रेलमार्ग भारत सरकारले नै निर्माण गर्ने गरी सम्झौता भएको थियो ।



# सम्पादकीय

## युवा दिवस र मधेशी युवा

अगस्ट १२ का दिन संसारभर अन्तर्राष्ट्रिय युवा दिवस भनाइन्छ। यस वर्ष बुधबार नेपालमा पनि 'विश्व अभियानका लागि युवा सहभागिताः रोजगारी प्रवर्द्धन र वातावरण संरक्षणमा युवा संलग्नता' भन्ने नाराका साथ दिवस मनाइएको छ।

युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसंघले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन्।

नेपालमा भने युवासँग काम गर्ने संघसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो।

नेपालमा पनि युवा दिवस मनाउन थालिएपछि युवाका मुद्दा केही न केही सम्बोधन हुन थालेका छन् तर युवालाई उच्च प्राथमिकतामा राखेर सरकारले धेरै कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारीरूपमा कार्यन्वयन नहुँदा युवा लाभान्वित बन्न सकेका छैनन्।

युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा युवा विकास तथा परिचालनका लागि विसं २०६५ मा सरकारले युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा नीति, २०७२ मा युवा विकासका व्यापक विषय वस्तुलाई नीतिगतरूपमा समावेश गरेको छ।

**यस युवा दिवसमा यस्तो प्रवृतिको अन्त्यको लागि पनि सरकारले कदम चाल्नु विकल्प छैन। मधेशी युवाहरुले सयौं चुनौतिका सामना गर्न परेको कुरा ध्रुवसत्य कुरा हो। उनीहरुले अनगिन्ती समस्या भोग्न परेको कुरा पनि यथार्थ हो। अब प्रत्येक मधेशी युवा सचेत हुने बेला आएको छ। आफ्नो अधिकार पाउन आवाज उठाउने बेला आएको छ।**

यसैगरी सरकारले विसं २०७२ मा राष्ट्रिय युवा परिषद् गठन गर्दै युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ।

नेपालको राष्ट्रिय युवा नीति, राष्ट्रिय युवा परिषद् ऐन २०७२ को परिभाषामा १६ देखि ४० बर्षको वर्ग युवा मानिन्छ। नेपालमा ०६८ को जनगणना अनुसार १६ देखि ४० वर्षको संख्या ४०.३५ प्रतिशत (१ करोड सात लाख) रहेको छ। शिक्षा मन्त्रालयको खेलकुद तथा युवा शाखामा सीमित रहेको नेपालले भने मुस्किलले सन् २००४ देखि युवा दिवस मनाउन थालेको थियो।

तर, अझै पनि राज्यको नीति निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सकिरहेको छैन। देशले कोभिड-१९ लगायत विपत्तिको सामना गरिरहँदा आम युवाहरु उद्धार, राहतमा परिचालित हुन पर्नेमा, दुर्भाग्य राजनैतिक लडाईमा उपयोग मात्रै भई रहेको युवाको समस्या पहिचाहन र परिचालनको लागि गतिलो व्यवस्थापन अवलम्बन गर्न नसकेकै कारण युवा विदेशिनु बाध्यता नै रहेको छ। खासगरी नेपाली युवाहरुमा मधेशी मूलका युवाहरुले धेरै समस्याको सामना गरी रहेका छन्। राज्यले ती युवाहरुको समस्याप्रति गम्भीर बन्न सकेको छैन। राज्यको यही विभेदकारी नीतिको कारण मधेशी युवाहरु अनगिन्ती पीडाहरु खेप्न बाध्य भएका छन्। मधेशी युवाहरु समस्याको भूङ्गोमा पिल्सन विवश भएका छन्। मधेशी युवाहरुमा सरकारी जागिर खाने होड र डाक्टर, ईन्जिनीयर बाहेक अरु अध्ययापन हेर्न नसकिने जस्तो प्रवृतिका कारण पनि पछि परेको देखिएको छ।

यस युवा दिवसमा यस्तो प्रवृतिको अन्त्यको लागि पनि सरकारले कदम चाल्नु विकल्प छैन। मधेशी युवाहरुले सयौं चुनौतिका सामना गर्न परेको कुरा ध्रुवसत्य कुरा हो। उनीहरुले अनगिन्ती समस्या भोग्न परेको कुरा पनि यथार्थ हो। अब प्रत्येक मधेशी युवा सचेत हुने बेला आएको छ। आफ्नो अधिकार पाउन आवाज उठाउने बेला आएको छ। आफूले आफ्नो राष्ट्रप्रति पूरा गर्न पर्ने दायित्वलाई सगौरव पूरा गर्न पर्ने बेला भएको छ। आफ्नो समस्या केहो र यसका समाधानका उपायहरु के के हुन् भनी तिनलाई छुट्टयाउन सक्ने खुबीको आवश्यकता छ।

त्यतिले मात्र पुग्दैन आएका भयकंर डरलाग्दा समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने बारेम चिन्तनन मनन गर्दै अगाडि बढ्ने क्षमताको पनि खाँचो छ। यो राष्ट्र मेरो हो, राष्ट्रको लागि मैले केही गर्न पर्दछ भन्ने भावनाको पनि विकास हुन पर्छ। आफूले के अधिकार पाएको छु र त्यो अधिकारको प्रयोग कसरी गर्न पर्छ भन्ने कुराको पनि हेक्का राख्न पर्दछ। सधैं आफ्नो दायित्व पूरा गर्दै अगाडि बढेको खण्डमा आफ्नो सँग सँगै देशको समेत विकास सम्भव छ।

# मधेश, आदिवासी जनजाति, थारु, दलितको सिंगो पार्टी किन ?



**आरके खम्बु**

> अहिले आदिवासी जनजाति, मधेशी, थारुहरुले सोच्नुपर्ने विषय हो यो। हामी पहिचानवादी संघीय गठबन्धनले अब नेपालभित्रको सम्पूर्ण आदिवासी जनजाति, मधेशी, थारु, दलित लगायत शोषित, पीडितहरु एक हुनुको विकल्प छैन। एक हुनका लागि हामीलाई नीति र कार्यक्रम प्रमुख कुरा हो। अहिले जनता समाजवादी पार्टीले बोकेको नीति र कार्यक्रम मुक्तिकै सवाल हो।

विश्वमा आदिवासी दिवस किन मनाउनुपर्‍यो भन्ने मूल कुरा हो। आदिवासीहरु बाहिरबाट आएकाहरुबाट दमित हुनुपर्‍यो। उनीहरुलाई कुनै पनि प्रकारको अधिकार दिइएन। दोस्रो विश्वयुद्ध पश्चात् जब यो कुरो महसुस भयो, त्यसपछि आदिवासीहरुको पनि अधिकार सुनिश्चित गर्नुपर्छ, उनीहरु पनि मानवको रुपमा बाँच्न पाउनुपर्छ। उनीहरुको भाषा, लिपि, संस्कार, संस्कृति, सदियौंदेखि चलिआएको प्रथाजनित कानूनहरुलाई अन्तर्राष्ट्रिय कानूनको रुपमा मान्यता दिनुपर्छ भन्ने प्रकारले विश्व आदिवासी दिवस मनाउन थालिएको हो। त्यसकारण हामी आदिवासीहरुका लागि अत्यन्तै महत्वपूर्ण हो। विश्वका सबै आदिवासीहरु एक हुनुपर्छ। आदिवासी जनजाति, मधेशी, थारु, दलित सबै एक भएर आज एउटा नयाँ जोश जाँगरको उजागर गरौं भन्ने अनुरोध गर्न चाहन्छु। विश्वभरिकै आदिवासीहरुको माटोसँग सम्बन्ध हुन्छ। उसले आफ्नै प्रकारको धर्म, संस्कार, संस्कृति, प्रथा विकास गरेको हुन्छ र अत्यन्त सोझो हुन्छ। उसले कसैको कुभलो चाँदैन, इमान्दार हुन्छन्। जब बाहिरबाट कुनै पनि धुर्त मानिसहरु आउँछन्, उनीहरुले आदिवासी जनजातिहरुको सोझोपनको फाइदा लिएर आदिवासी जनजातिहरुको सम्पूर्ण राजनीतिक, आर्थिक, सांस्कृतिक अधिकार खोसेर तेस्रो दर्जाको नागरिक बनाइदो रहेछ। यसको मुख्य कारण भनेको राजनीतिक चेतनाको कुरो रहेछ। राजनीतिबाट नै सबै कुरो हुन्छ, नीति निर्माण गर्ने। राजनीतिलाई आफ्नो कब्जा लिइसकेपछि मानिसलाई दास बनाउन सजिलो हुँदोरहेछ। नेपालको सन्दर्भमा पनि हामीले यही नै देख्यौं। १८३१ मा जब पूर्वका खम्बुवान, लिम्बुवानहरुको मटियामेट गरियो। त्यहाँका खम्बुहरुलाई अहिलेसम्म दुई नम्बरको दर्जाको नागरिक बनाउनु भनेको जुन उसको राज्यसत्ता खुस्कियो त्यसको उसको केही पनि रहेन। न त सिंहदरबारमा पोलिसी मेकिङ्ग ठाउँमा उसको निर्णायक उपस्थिति नै रह्यो। त्यसकारण, आदिवासी जनजातिहरु पछाडि पर्ने मुख्य कारण भनेको राजनीतिक चेतना नहुनु नै हो। नेपालमा यो निरन्तर चलिरहेको छ। यसकै विरुद्धमा हामी अब एक भएर राजनीतिक पार्टी निर्माण गरौं र मेचीदेखि महाकालीसम्म एक भएर सिंहदरबारमा बहुमत ल्याउन सक्यौं भने मात्रै हामीले आफ्नो राजनीतिक अधिकार प्राप्त गर्छौं। राजनीतिक अधिकार प्राप्त गरिए भने मात्रै सांस्कृतिक, भाषिक, आर्थिक लगायतका अधिकारहरु प्राप्त गर्छौं। यिनै कारणहरुले गर्दा विश्वमा घुमन्ते र फिरन्ते जातिहरुद्वारा दास बनाइएको रहेछ।

बहुदलीय व्यवस्थामा जहिले पनि बहुमतको शासन हुन्छ। हामी संविधानसभामा हुँदा तत्कालीन कांग्रेस र एमालेको करिब दुई तिहाइ बहुमत थियो। हामीले अधिकार लागि संघर्ष गर्छौं, संविधानमा अधिकार स्थापित गराउँछौं भन्दा पनि जनताले हामीलाई मत दिएन। प्रजातन्त्रमा बहुमतको निर्णय हुने हुनाले दोस्रो संविधानमा जब यथास्थितिवादीहरुको करिब दुई तिहाइ बहुमत थियो, जसले कारणले हामीले भनेजस्तो संविधान आउन सकेन। मधेश, आदिवासी जनजाति, थारुहरु मिलाएर ३० दलीय गठबन्धन बनाई आन्दोलन गरेको हुनाले आंशिकरुपमा केही अधिकार आएको हो कि जस्तो लागेको हो। हामीले आन्दोलन नगरेको भए संविधानमा हाम्रो अधिकार यति पनि आउने थिएन। अर्को कुरा ठूला दलहरुमा पनि आदिवासी जनजातिबाट प्रभावशाली नेताहरु छन्, त्यहाँ पनि जसको नेतृत्व उसको नीति लागू हुन्छ। अहिलेको कांग्रेस र नेकपाका नेतृत्व तिनै हिजोका उत्पीडक जातिहरु छन्। उसले जाति भनेर सुन्नै चाहँदैनन्। मधेशी भन्नाले विदेशी वा भारतीय हुन् भन्ने उसको सोचाइ छ। आदिवासी जनजातिहरु भनेको हाम्रा दास हुन्, यिनीहरुले हाम्रो सेवा गरिरहनुपर्छ भन्ने मानसिकता भरिएको छ। त्यस्ता पार्टीभित्र आदिवासी जनजाति समुदायका जस्तोसुकै नेता भएपनि केही पनि गर्न सक्दैनन्। उनीहरु ती पार्टीभित्र भनेको एउटा झोले मात्र हुन्। त्यसकारणले ती पार्टीहरुभित्र आदिवासी जनजातिहरु पुग्यो भनेर नीति बनाउने ठाउँमा पुग्यो भनेर नसोचौं। जबसम्म सिंहदरबारभित्र पोलिसी मेकिङ्ग ठाउँमा आफ्नो निर्णायक भूमिका बनाउन सकिँदैन तबसम्म आदिवासी जनजाति, मधेशी कसैले अधिकार पाउँदैन। त्यसकारणले अब मधेश, आदिवासी जनजाति, थारु, दलित लगायतले एउटा सिंगो पार्टी बनाउनुपर्छ।

संविधानसभा निर्माणताका नै हामीले पहिचानमा आधारित संघीय गठबन्धन निर्माण गरेका थियौं। यो त्यसकै निरन्तरता हो। यसमा लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरुहट, नेवाः, खसाङ, मगरात लगायत यसमा आबद्ध छन्। संविधान जारी भइसकेपछि आदिवासी जनजाति, मधेश, थारु, दलितलगायतलाई जुन प्रकारको पाउनुपर्ने अधिकारहरु थियो, ती अधिकारहरु सुनिश्चित नभएकाले पुनः हामी आन्दोलनको तयारीमा छौं। तत्कालीन आन्दोलनका बेला टीकापुरमा भएको घटनालाई हामीले आदिवासी मुक्ति दिवसको रुपमा मनाउने हामीले निर्णय गरेका छौं। टीकापुर घटनाको दोष लगाई सांसद रेमशलाल चौधरीलाई जेलमा राखिएको छ, थाहरुलाई बन्दी बनाइएको छ। सांसद रेशमलाल चौधरीलाई तुरुन्त रिहाइ गरिनुपर्छ भन्ने माग हामीले अगाडि सारेका छौं। यो देशमा सदियौंदेखि उत्पीडित आदिवासी, मधेशी, दलित, पिछडावर्ग, सीमान्तकृतहरुको मुक्ति नै हाम्रो उद्देश्य हो।

अहिले आदिवासी जनजाति, मधेशी, थारुहरुले सोच्नुपर्ने विषय हो यो। हामी पहिचानवादी संघीय गठबन्धनले अब नेपालभित्रको सम्पूर्ण आदिवासी जनजाति, मधेशी, थारु, दलित लगायत शोषित, पीडितहरु एक हुनुको विकल्प छैन। एक हुनका लागि हामीलाई नीति र कार्यक्रम प्रमुख कुरा हो। अहिले जनता समाजवादी पार्टीले बोकेको नीति र कार्यक्रम मुक्तिकै सवाल हो। हाम्रा आन्तरिक बहस भइरहेको छ। आउँदो चुनावसम्म कमसेकम जसपा र पहिचानमा आधारित संघीय गठबन्धनका नेतृत्वहरु एक ठाउँमा आइपुग्नैपर्छ। एक ठाउँमा नआई आआफ्नै डम्फू बजाइरहने हो भने हामीलाई बाँदरलाई नचाएजस्तो नचाइरहन्छन्। मेचीदेखि महाकालीसम्म, मधेशदेखि पहाडसम्मका उत्पीडितहरु अब एक ठाउँमा आउनैपर्छ। सिंहदरबारभित्र छिर्न अहिले हामीलाई बन्देज छ, त्यसलाई भत्काएर छिर्नुपर्‍यो। नीति निर्माण गर्ने कुर्सी कब्जा गर्नुपर्‍यो। यसका जसपा र हाम्रा गठबन्धनका साथीहरुलाई पनि चेत आओस् कि अब एक ठाउँमा आउनैपर्छ। आउँदो चुनावमा मधेश, आदिवासी जनजाति, थारु, दलित लगायतका सबै उत्पीडितहरु एउटै चुनावचिन्हबाट लड्न सकियोस्।

आगामी निर्वाचनमा एउटै चुनावचिन्हबाट चुनाव लड्ने वातावरण बन्दैछ। नीति र कार्यक्रमले वातावरण बनाउने हो। यदि हामी उत्पीडित हौं, यो देशको नागरिक नै बन्न सकेनौं, नागरिक अधिकारै पाएनौं, जहिले हामी दोस्रो तेस्रो दर्जाको नागरिक हुनुपर्‍यो भन्ने महसुस गरेका छौं भने यो आवश्यकता हो।

अदालत भनेको राज्यले बनाएको कानूनहरुको पालना गराउने संस्था हो। सम्पूर्ण कानूनहरु संविधानद्वारा निर्देशित हुन्छन्। संविधानद्वारा कानून र कानूनद्वारा ऐन बन्छन्। त्यसरी बनिसकेको चीजलाई कार्यान्वयन गराउने र व्याख्या गर्ने अधिकार अदालतको हो। रेशम लाल चौधरीको सन्दर्भमा सबभन्दा पहिला हामीले बुझ्नुपर्छ कि टीकापुर घटना के हो ? अदालतले आफ्नै प्रकारले व्याख्या गरेर सजाय सुनाउने आधार छैन। मधेश थरुहट आन्दोलनका क्रममा भएका हत्या, हिंसा तथा घटनाहरुको छानबिनका लागि गठन भएको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन मात्रै सार्वजनिक गरौं न। टीकापुर घटना कसरी घट्यो, कसले हत्या गराए भन्ने कुरा प्रष्ट हुन्छ। त्यसले गर्दा अहिले अदालतले गरेको फैसला नै सम्पूर्ण सत्य हो भन्ने कुरा पनि होइन। अदालतले पनि पटक-पटक त्रुटि गरेको त हामीले हेरेका छौं। रेशम लाल चौधरीको विषयमा पनि हामीले भनेको कुरा यहीं नै हो। आयोगले जुन प्रतिवेदन बनाएको छ, त्यो सार्वजनिक गरौं। त्यसपछि सत्यतथ्य बाहिर आउँछ। घटनाका बेला गृहमन्त्री वामदेव गौतम हुनुहुन्थ्यो। यो घटना घटेको दिन तत्कालीन गृहमन्त्री वामदेव गौतमले टीकापुर घटना थारुहरुले गराएका होइनन् भनेर भन्नुभएको थियो। उहाँले अग्लो-अग्लो, कालो-कालो मान्छेहरु दक्षिणबाट आए, घटना घटाएर भागे भनेर त्यतिबेला संसदमै बोल्नुभएको छ। त्यो अहिले पनि संसदमा अन द रेकर्ड छ। त्यसले गर्दा तथ्यगत रुपमा अनुसन्धान नगरीकन त्यतिकै रेशमलाल चौधरी लगायत अपराधी हुन् भन्ने प्रकारले अहिले थुनिएको छ त्यो गलत हो।

हामीले सुरुमै भनेका थियौं कि भारतसँग जोडिएका सीमामा सजगता अपनाऔं। सीमामा सुरक्षाकर्मीभन्दा पनि स्थानीयलाई निगरानीका लागि जिम्मा दिऔं भनेका थियौं। भारतबाट आउनेहरुको सम्पूर्ण जानकारी अपडेट गरी उनीहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था गरौं। बाहिरबाट आउनेहरुलाई क्वारेन्टाइनमा राखी पीसीआर टेष्ट गर्नुपर्दथ्यो। त्यसो गरिएको भए करिब तीन/चार महिनासम्म लकडाउन गर्नैपर्ने थिएन। किनभने त्यतिखेर नेपालमा कोरोना देखिएकै थिएन। तर भ्रष्टाचारमा लिप्त सरकार, केपी ओली जस्तो हरेक कुरामा असफल व्यक्ति कुर्सी ओगटेर बसेका छन्। उसले आफ्नो अप्ठ्यारो लुकाउनका लागि मात्रै लकडाउन गरेका थिए। यतातिर न टेष्टिङ्गमा ध्यान दियो, न क्वारेन्टिनमा ध्यान दियो, न भारतबाट छिर्ने व्यक्तिहरुको परीक्षणमा ध्यान दियो। त्यतिबेला हामी सर्वपक्षीय, सर्वदलीय समिति बनाउ भनेका थियौं। निर्वाचन आयोगमा दर्ता भएका सबै दलका प्रतिनिधि, नागरिक समाजका अगुवा मिलाएर एउटा महासमिति बनाऔं भनेका थियौं। किनकि यो एउटा महायुद्ध हो। तर सरकार कानमा तेल हालेर बस्यो। जतिखेर कोरोना देखिएको थिएन त्यतिखेर कडा लडकउान गर्‍यो तर जतिखेर समुदायस्तरबाट संक्रमितहरु फेला पर्न थाले त्यतिखेर खुला गरियो। जबसम्म यस्ता नालायकहरु सत्तामा बसिरहन्छन् हाम्रो हालत के हुन्छ ? अहिले मधेशमा देखिएका समस्या यही नै हो। भ्रष्ट मान्छेहरुको असफल नीतिहरुले गर्दा अहिले यो प्रकारले कोरोना महामारी मधेशदेखि पहाडसम्म फैलिएको हो। अहिले पनि रोक्न खोजियो भने अर्को विधि अपनाउन सकिन्छ। प्रधानमन्त्रीदेखि मन्त्रीहरुको कुर्सीमा बस्नेहरुको असक्षमताको पराकाष्टा हो। यसको सबभन्दा बढी खतरा मधेशमा भएको छ। म मधेशका दाजुभाई दिदीबहिनीहरुलाई भन्न चाहन्छु कि नालायक सरकारको आश नगर्नुस्, तपाइँहरु आफ्नो तवरले सुरक्षित बस्नुस्। होइन भने अब यो मुलुकमा अमेरिकाभन्दा ठूलो महामारी नफैलिएला भन्न सकिन्न। त्यसकारणले कोभिड-१९ बाट खतराभन्दा पनि यो देशका शासकहरुको मानसिकता खतरा हो। आउँदो चुनावमा जनताले यिनीहरुलाई देखाउँछन् भन्ने आशा गरेको छु।

*(खम्बुवान राष्ट्रिय मोर्चाका राष्ट्रिय अध्यक्ष तथा पहिचानमा आधारित संघीय गठबन्धनका अध्यक्षमण्डलका नेता खम्बुसँग गरिएको कुराकानीको आधारमा।)*

# उच्च मनोबलले कोरोना पराजित गर्न सकिन्छ

यो रोग पनि निको हुन्छ, यो लाग्दैमा मानिस मरिहाल्दैन भन्ने कुराहरु भनेर हिम्मत दिनुपर्छ। कोरोना लाग्ने बित्तिकै आत्तिहाल्ने, मर्छ भन्ने कुराहरु गर्नु हुँदैन। यसबाट मानिस आफ्नो आत्मवल गुमाउँछ र रोगले झन् आक्रमण गर्न थाल्छ। हामीले हिम्मत दिने हो, यो एउटा रुघाखोकी जस्तै हो। यसलाई हराउन सकिन्छ।



प्रदीप यादव

सांसद, जनता समाजवादी पार्टी नेपाल

**० तपाईं कोरोना विरुद्धको लडाइमा विजय हासिल गर्नुभयो। होम आइसोलेट बस्दाको अनुभव कस्तो रहयो ?**

– म कोरोना संक्रमित भइसकेको रिपोर्ट आइसकेपछि पहिलो दिन म एकदमै पीडामा थिएँ। पूरा विश्व समुदाय नै अहिले कोरोना महामारीसँग लडिरहेका छन्। त्यसैले मलाई पहिलो दिन एकदमै तनाव भयो। रातभरि म छटपटिरहें, राम्ररी सुत्न पनि पाइन। तर, भोलिपल्टबाट साथीभाई, इष्टमित्रहरुको धेरै फोर आयो, सहानुभूति देखाउनुभयो, मलाई हिम्मत दिनुभयो। हिम्मत र साहसले कोरोनालाई पराजित गर्न सकिन्छ भन्ने किसिमका सल्लाह र सुझावहरु आएपछि मेरो मनमा नयाँ ऊर्जा आयो। त्यसपछि मैले बिहान ६ बजेदेखि राति १० बजेसम्मको सेडुल बनाएर उच्च मनोवलका साथ कोरोनाविरुद्ध लडिरहें। म बिहान र बेलुका शारिरीक व्यायाम गर्न थाले। खानेकुरामा पनि विशेष ध्यान दिएँ, घरेलु औषधीय गुण भएका खाद्य, पेय पदार्थहरु सेवन गरेपछि म कोरोनामुक्त भएँ। आत्मबल बलियो बनाएर र घरेलु उपचारबाट नै मैले कोरोना जितेको हुँ।

**० तपाईं संक्रमित भइसकेपछि घरपरिवारबाट कतिको सहयोग पाउनुभयो ?**

– मलाई मेरा घरका सदस्यहरुले सहयोग नै गरे। मलाई जे चाहिन्थ्यो, म फोन गर्थे र ती सामान ल्याएर म बसेको ढोका अगाडि पुऱ्याइदिन्थे। म एउटा छुट्टै फ्ल्याटमा बस्न थालेको थिएँ। म संक्रमित भएको रिपोर्ट आइसकेपछि कोहीसँग सम्पर्कमा पनि गइन। म आफू पनि बचें र अरुलाई पनि बचाएँ। यसमा मेरो परिवारको ठूलो सहयोग रह्यो। परिवारको सहयोगबिना कोरोनालाई जित्न सकिँदैन।

**० तपाईंको कन्टेक्ट ट्रेसिङ्गमा कतिजना संक्रमित भए ?**

– मेरो कन्टेक्टबाट मेरो गाडी चालक, पिएसओ संक्रमित भएका थिए। त्यसपछि वैज्ञानिक वन व्यवस्था समितिमा म छु, सो समितिमा ११ छन्। त्यसमध्येका एक जना पाण्डे थरका व्यक्ति संक्रमित हुनुभो। बाँकी कोही पनि मबाट संक्रमित भएन। मेरो परिवारका मान्छेहरुको पनि कोरोना रिपोर्ट निगेटिभ नै आयो।

**० तपाईं कसरी संक्रमित हुन पुग्नुभयो त ?**

– म आफ्नो निर्वाचन क्षेत्रको विभिन्न कार्यक्रमहरुमा गइरहन्थे। यही बीचमा बाढी पहिरो आएको थियो, प्रभावित क्षेत्रमा पनि घुमें। गाउँ-गाउँमा डुल्दै जाँदा कहाँबाट संक्रमित भएँ, त्यो थाहा भएन। तै पनि म कोरोनाबाट बच्न सबै सावधानी अपनाउँदै आएको थिएँ। म जहिले पनि मास्क, ग्लब्स लगाएर नै कुनै पनि कार्यक्रममा जान्थे। तर, कसरी भएँ, कहाँबाट भएँ पत्ता लागेन।

**० कोरोनाको जुन आतंक मच्चिएको छ, यसले धेरै मानिसमा मानसिक समस्या पनि देखिएको छ। यो कोरोना कालमै धेरैले आत्महत्या पनि गरेका छन्। कोरोनालाई पराजित गर्न सकिन्छ भन्ने मनोबल बढाउन तपाईं के सुझाव छ ?**

– जसलाई कोरोना संक्रमण हुन्छ, उसलाई हिम्मत दिनुपर्छ कि कोरोनालाई हामीले जित्न सक्छौं। उसलाई हिम्मत दिने साथीभाई, इष्टमित्र हुनुपर्छ। संक्रमितहरुको मनोबल बढाउनका लागि राज्यले पनि पहल गर्नुपर्छ। यसका लागि छुट्टै शाखा बनाउनुपर्छ, जसले संक्रमितहरुलाई फोनबाट वा अन्य माध्यमबाट मनोवल बढाओस्। किनभने मानिसले जब आफ्नो आत्मबल गुमाउँछ अनि कमजोर हुन्छन् र उसको रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता पनि कमजोर हुन्छ। प्रतिरोधात्मक क्षमता कमजोर हुँदा कुनै पनि रोगले छिटो आक्रमण गर्छ। राज्यले त्यस्तो शाखा खडा गरेर कोरोना संक्रमितलाई हिम्मत बढाउने काम गर्नुपर्छ। तर, राज्यको यसतर्फ ध्यानै गएको छैन।

**० कोरोना लाग्नेबित्तिकै परिवारजनबाट पनि अपहेलना सहनुपर्ने अवस्थाहरु पनि छन्। यसको ज्वलन्त उदाहरण केही दिन पहिला क्वारेन्टिनमा एक युवकले आत्महत्या गरे। यसलाई कसरी कम गर्न सकिन्छ ?**

– कोरोनो यस्तो रोग हो कि छुट्टै बस्नुपर्छ। यो कुराको जनचेतना समाजमा हुनुपर्छ। एक संक्रमित मानिस अर्को मानिसको सम्पर्क आउँदा सर्ने भएकोले संक्रमित मानिस एक्लै बस्नुपर्छ। जो संक्रमित हुन्छ उसलाई आफ्नो परिवारबाट हिम्मत दिनुपर्छ। यो रोग पनि निको हुन्छ, यो लाग्दैमा मानिस मरिहाल्दैन भन्ने कुराहरु भनेर हिम्मत दिनुपर्छ। कोरोना लाग्ने बित्तिकै आत्तिहाल्ने, मर्छ भन्ने कुराहरु गर्नु हुँदैन। यसबाट मानिस आफ्नो आत्मवल गुमाउँछ र रोगले झन् आक्रमण गर्न थाल्छ। हामीले हिम्मत दिने हो, यो एउटा रुघाखोकी जस्तै हो। यसलाई हराउन सकिन्छ। मैले पनि कोरोनालाई हराएँ। मानसिकरुपमा कमजोर हुनुभयो भने कोरोनाले तपाईंलाई हराइदिन्छ।

**० खानपानमा के-के सेवन गर्नुभो तपाईंले ?**

– मैले बिहान काढा खान्थे। एक चम्चा च्यवनप्राश पनि खान्थे। त्यसपछि लसुनको २२ वटा दाना, अढाई चम्चा बेसार, अलिकति कालो खुर्सानी, कालो नुनलाई मिसाएर पिसेर एउटा भाँडोमा राख्थे। पिसेर बनाएकालाई तीन पटक बिहान, दिउँसो र बेलकी गरी तातो पानीमा खान्थे। तातो पानीको वास्प पनि लिन्थे। खाजामा फलफुल र मौसमीको जुस खान्थे। हरेक डेढ दुई घन्टामा मौसमीको जुस र नरिवलको पानी पनि खान्थे। राती खिचडी र आलुको चोखा खान्थे। दिउँसोको खाजामा सुप खान्थे। यसैगरी, दिनभिरमा तीनपटक कागती र मह पानीसँग खान्थे। यसरी मैले १० दिनको सेड्युल बनाएर खानपानमा ध्यान दिएँ।

**० तपाईं त एउटा सांसद हुनुहुन्छ, आफ्नै घरमा होम आइसोलेट भएर यस्ता किसिमका खानपिन गर्नुभयो। तर, क्वारेन्टिनमा रहेका आम सर्वसाधारणहरुका लागि यस किसिमको खानपानको व्यवस्थापन मिलाउन सकिन्छ कि सकिँदैन ?**

– राज्यले चाह्यो भने गर्न सकिन्छ। तर जुन प्रकारको हाम्रो यहाँ आइसोलेसनको व्यवस्था छ, त्यो एकदम दयनीय छ। क्वारेन्टिनमा समयमा खाना र खाजा पाउँदैन। यस्ता धेरै जनगुनासोहरु आउँछन्। त्यसैले यस्ता कुराहरु सुधार्नुपर्छ।

**० अहिले प्रदेश २ को जुन अवस्था छ, त्यहाँ तपाईंहरुकै सरकार छ। किन गम्भीर भएन होला ?**

– कोभिडको मामिला देशभर संघीय सरकार आफैले नै हेरिरहेको छ। प्रदेश र स्थानीय सरकारको त्यति भूमिका छैन। प्रदेश र स्थानीय सरकारलाई भूमिका र पावर एकदम कम दिएको छ। त्यसैले जबसम्म प्रदेशलाई पावर दिँदैन, तबसम्म प्रदेशले के गर्न सक्छ र ? पावर सबै केन्द्रमा छ र संघले विशेषगरी सबै अधिकार आफैमा राखेको छ। त्यसैले अहिलेको अवस्थाको जवाफदेहिता संघ सरकार हुनुपर्छ।

**० तर, यो कोरोनाकालमै प्रदेश २ मा व्यापक भ्रष्टाचार भइरहेको जनगुनासोहरु पनि छन् नि ?**

– क्वारेन्टाइनको सवालमा स्थानीय सरकारलाई जिम्मा दिइएको छ। प्रदेशले पनि केही बजेट छुट्याएको छ। अहिलेको अवस्थामा पैसाभन्दा पनि जनशक्ति, स्वास्थ्य उपकरणको आवश्यकता छ। संघ सरकारले प्रदेश २ मा एउटा टोली पनि पठाएको थियो। त्यो टोली हेरेर गयो र हरायो। त्यो टोलीले अनुगमन गरिसकेपछि सरकारलाई सुझाव दिनुपर्दथ्यो र तुरुन्त एउटा विशेष टोली खट्नुपर्दथ्यो। प्रदेश सरकारले आफ्नो हैसियतअनुसार काम गर्दैछ। यसमा मुख्य दोषी संघीय सरकार नै हो। यो कोरोनाविरुद्धको लडाइमा यदि विजय हासिल गरियो भने त्यसको श्रेय संघीय सरकारलाई जान्छ र असफल भयो भने पनि त्यसको जिम्मा संघले नै लिनुपर्छ।

**० प्रदेश २ सरकारको गत आर्थिक वर्षको आधाभन्दा बढी बजेट फ्रिज भयो। ती बजेटहरुलाई कोरोना रोकथाम, नियन्त्रण तथा राहत उद्धारमा रकमान्तर गर्नुपर्दथ्यो नि ?**

– त्यो त प्रदेश सरकारलाई सोध्नुहोला। प्रदेश सरकारले के गऱ्यो, के-के गरेन। हाम्रो पार्टीको सरकार हो। यसबारे हाम्रो पार्टी र मन्त्रीहरुले जवाफ दिनुपर्छ।

**० तपाईंले मुख्य व्यापारिक नाकामै सम्भवतः अहिलेसम्मकै सबभन्दा ठूलो नेपालको झण्डा निर्माण गराउनुभएको छ। उद्देश्य के थियो ?**

– नेपाल र भारतको सीमामा आफ्नो राष्ट्रिय ध्वजा ११० फिट अग्लो टावर लाइट निर्माण गराएको छु। त्यसले नेपालको एउटा पहिचान दिलाउँछ। नाकाबाट कुनै पनि भारतीय वा विदेशी नेपालमा प्रवेश गर्छ, उसलाई थाहा हुन्छ कि नेपालमा प्रवेश गऱ्यौं। किनकि नेपाल र भारतको खुल्ला सिमाना हो। त्यो सीमामा पहिचान गर्न गाह्रो हुन्छ कि नेपालमा छौं कि भारतमा। त्यसैले कमसेकम पहिचान दिलाउनका लागि मैले आफ्नो संसदीय विकास कोषबाट त्यो टावर लाइटको निर्माण गराए। त्यो नेपालमा पहिलो टावर लाइट हो, त्यस्तो नेपालमा कहीं पनि छैन। एकदम आधुनिक तरिकाले निर्माण गराइएको छ। राति पनि जानुभयो भने चम्किरहेको हुन्छ र फहराइरहन्छ। मान्छेहरुका लागि एउटा सेल्फि प्वाइन्ट पनि भएको छ।

# चिनियाँ मोडेल स्थापित गर्ने प्रधानमन्त्रीको उद्देश्य छ



अभिषेक प्रताप शाह

सांसद, नेपाली कांग्रेस

**० अहिले दिनप्रति दिन कोरोना संक्रमण बढ्दै गइरहेको छ। तराई/मधेशका जिल्लाहरुमा निषेधाज्ञा लागू भएको छ। यो भयावह अवस्थालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– यस्तो अवस्थामा नेपालमा मात्रै होइन, पूरा विश्वमै पहिलोपटक आएको छ। यस्तो अवस्थामा हाम्रो सरकार नै के गर्ने, के नगर्ने अलमलमा छ। कहिले लकडाउन खोल्छ, कहिले फेरि लकडाउन लगाउँछ, कहिले जोर/बिजोर गर्छ त कहिले हटाउँछ। कोरोना नियन्त्रणमा सरकारको फितलो व्यवस्थापन देखिएको छ। प्रत्येक घरबाट एक जनाको कोरोना टेष्ट हुनुपर्दथ्यो। त्यत्रो ठूलो जनसंख्यामा छैन हाम्रो, त्यति व्यवस्थापन गर्न सकिन्थ्यो। तर, सरकारले गरेन। सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि कोरोनालाई हलुका रुपमा लिएका छन्। बेसार पानी खानुस् निको भइहाल्छ भन्नुहुन्छ। सुरुवाती अवस्थामा त्यसरी हाम्रो सरकारले नै गम्भीरतापूर्वक लिएन। अहिले समुदायस्तरमा कोरोना प्रवेश गरिसकेको छ। यसलाई नियन्त्रण गर्न कि औषधि नै आउनुपऱ्यो, कि त उच्चस्तरको निर्णय लिनुपर्छ।

**० समुदायस्तरमा कोरोना प्रवेश गरिसकेको अवस्थामा सरकारको कदम कस्तो हुनुपर्ने हो ?**

– अहिलेको अवस्थामा सरकारले परीक्षणको दायरा बढाउनुपर्छ। हामीले सुनेअनुसार रुसले कोरोनाविरुद्धको भ्याक्सिन पनि बनाइसकेको छ र त्यसको फाइनल एप्रुवल पनि भइसकेको छ। अब त्यो भ्याक्सिन सरकारले किन्ने कि नकिन्ने त्यो पनि एउटा विकल्प हो। त्यो भ्याक्सिन किन्नका लागि आजैदेखि सरकार लाग्यो भने नेपाल आउन कम्तीमा तीन/चार महिना लाग्ला। यस विषयमा पनि सरकार कति गम्भीर छ। यसमा कमिशन र अनियमितताको खेलाबेला नगरिकन जनताको रक्षाका लागि त्यो भ्याक्सिन कहाँबाट ल्याउने हो तयारी अहिलेदेखि नै गर्नुपर्छ। सरकारले एक कदम अगाडि सोच्नुपर्छ।

**० रुसमा तयार भएको भ्याक्सिन नेपालजस्तो साना मुलुकहरुमा आउन कम्ती ५/६ महिना लाग्छ नि ?**

– त्यसका लागि सरकारले अहिलेदेखि नै योजना बनाउनुपर्छ। रुसले भ्याक्सिन बनाएको छ, रुसमा त्यति ठूलो जनसंख्या छैन। सबभन्दा बढी जनसंख्या चीन र भारतको छ। त्यो भ्याक्सिन जन कल्याणका लागि बनाइएको हो। त्यो यदि भारत वा चीनसम्म आइपुग्छ भने नेपालसम्म आउन अप्ठ्यारो छैन। चीन वा भारतमा कोरोना विरुद्धको भ्याक्सिन आइसकेपछि नेपालमा पनि मज्जाले ल्याउन सकिन्छ।

**० कोरोनाविरुद्ध तीनै तहका सरकारको काम कस्तो देख्नुहुन्छ ?**

– पहिलोपटक नेपालमा संघीय संरचनाअनुसार सरकारहरु गठन भएका छन्। ती प्रदेश र स्थानीय सरकारलाई अहिले पनि पूर्ण अधिकार दिइएको छैन, केन्द्रित छ। संविधानले दिएका अधिकारहरु प्रदेश र स्थानीय तहलाई दिनुपर्ने थियो, त्यो गरिएको छैन। प्रदेश सरकारलाई त्यति अधिका दिइएको छैन। त्यसकारणले प्रदेश सरकारले राम्ररी काम गर्न सकेको छैन। स्थानीय र प्रदेश सरकारभित्र पनि भयंकर भ्रष्टाचार मौलाएको छ। त्यसमा कसरी न्यूनीकरण गर्ने, सरकारको कुनै योजना छैन। दिनप्रति दिन भ्रष्टाचार बढिरहेको छ। तल्लोस्तरदेखि माथिल्लोस्तरसम्म भयंकर भ्रष्टाचार मौलाएको छ। यसमा सरकार र सम्बन्धित निकायको विशेष ध्यान जानुपर्छ।

**० यस्तो महामारीका बेलामा पनि भ्रष्टाचार मौलाएको हो ?**

– यस्तो महामारीका बेलामा जनप्रतिनिधि, कर्मचारी सबै मिलेर देशलाई लुटिरहेका छन्। यसभन्दा लाजमर्दो कुरा के होला कि नेपालमा किट ल्याउनका लागि ओम्नीलाई दिइयो, ओम्नीले व्यापक भ्रष्टाचार गऱ्यो। कोरानाका कारणले देशमा जनता त्रसित र पीडित छन्, तर सरकारका जुन संयन्त्रहरु छन्, तिनीहरु भ्रष्टाचारमा लिप्त छन्। यस्तो जटिल अवस्थामा पनि देशमा भ्रष्टाचार व्याप्त छ। त्यसमा सम्बन्धित निकाय, प्रधानमन्त्री स्वयम्को ध्यानाकर्षण हुनुपर्छ। तर, प्रधानमन्त्री त अहिले एकदम तानाशाह हुनुभएछ। उहाँले फलानो व्यक्ति भ्रष्टाचारी होइन भनेर भन्दिनु हुन्छ। सरकारको संयन्त्रलाई नै उहाँले चुनौती दिनुहुन्छ। त्यसकारणले यस्तो विषम् परिस्थितिमा पनि सरकारले आफ्नो दिशा निर्धारण गर्न सकेको छैन।

**० अबको स्थिति कस्तो देख्नुहुन्छ ?**

– नेपालको स्थिति यस्तै थियो, यस्तै रहन्छ र भविष्यमा पनि भन्न सकिन्न। जबसम्म युवा नेतृत्व माथिल्लो तहसम्म आउँदैनन्, तबसम्म कर्मकाण्डी सरकारले जनतालाई यो समस्याबाट बाहिर निकाल्नै सक्दैन। नारामा मात्रै समृद्धि ल्याउँछ। देशलाई कम्युनिष्टीकरण गर्ने, देशलाई पोलिटब्युरो सिस्टमबाट चलाउने, लोकतन्त्र समाप्त गरिदिने यो सरकारको उद्देश्य नै छ। कम्युनिष्टले कहिल्यै पनि लोकतन्त्रलाई मानेकै छैन। यो देशलाई चिनियाँ मोडेलमा लैजाने यो सरकारको उद्देश्य नै देखिन्छ। यसका नेकपाले चिनियाँ कम्युनिष्ट पार्टीसँग सम्झौता पनि गरिसकेको छ। उहाँहरुले भिडियो कन्फरेन्स पनि गरिसक्नुभएको छ। नेपाली कांग्रेसले यदि भारतीय राष्ट्रिय कांग्रेससँग कन्फरेन्स गरेको भए त यहाँ भयंकर बबाल हुन्थ्यो। तर नेकपाले चिनियाँ कम्युनिष्ट पार्टीसँग सम्झौता पनि गर्छ, भिडियो कन्फरेन्स पनि गर्छ, यसमा कसैको आपत्ति पनि हुँदैन। यो देशलाई रणभूमिको अखाडा बनाउने षड्यन्त्र हो र यसको सुरुआत भइसकेको छ।

**० चीनबाट उत्पन्न भएको कोरोना भाइरस त्यहाँ नियन्त्रण भइसकेको छ। त्यही मोडलअनुसार नेपालमा पनि कोरोना नियन्त्रण गर्ने कतिको सम्भव छ ?**

– पहिलो कुरो, चीनमा प्रेस स्वतन्त्रता छैन। त्यहाँ कोरोना देखियो कि उसलाई क्वारेन्टाइनमा लगिन्छ कि गायब गरिदिन्छ। त्यस्तो अवस्था चीनमा छ। चीनको आन्तरिक कुरो के छ, पूरा विश्वलाई नै थाहा छैन। त्यसकारणले चिनियाँ मोडेल कुनै पनि हालतमा नेपालमा स्वीकार हुन सक्दैन। किनभने नेपाली जनता लोकतन्त्रमा विश्वास गर्छन्।

**० कोरोना कहरकै बीच नेपाली कांग्रेस आफ्नो १४औं महाधिवेशनको तयारीमा छ। तोकिएकै मितिमा महाधिवेशन सम्पन्न हुन्छ ?**

– कांग्रेसको १४औं महाधिवेशनको कार्यतालिका बनिसकेको छ। सोहीअनुसार काम पनि भइरहेको छ। अहिले कोरोनाको कहर दिनप्रति दिन बढ्दै गएको छ। त्यसले गर्दा कम्तीमा दुई/तीन महिना समयावधि थप गरेर सम्पन्न गर्नुपर्छ। व्यावहारिक कुरो गर्नुपर्छ, तोकिएकै मितिमा त महाधिवेशन हुनै सक्दैन। तर केही अवधि थप गरेर कांग्रेसले महाधिवेशन त गर्नैपर्छ।

**० भनेपछि, यही वर्षभित्र महाधिवेशन हुने सम्भावना छैन ?**

– यही वर्षमा कांग्रेसको महाधिवेशन हुने सम्भावना कम छ तर हामी प्रयासरत् छौं।

**० सभापति शेरबहादुर देउवाले विभागहरु गठन गर्दा पार्टीभित्र विवाद उत्पन्न भयो नि ?**

– कांग्रेस एउटा लोकतान्त्रिक पार्टी हो, विरोध र समर्थन त भइहाल्छ। जो-जोले विरोध गरिरहनुभएको छ, उहाँहरुको तर्फबाट पनि समावेश गराइन्छ। त्यसपछि विरोध आफै हराएर जान्छ।

**० महाधिवेशनको मुखमा विभागहरु गठन गर्नुपर्ने कारण के थियो ?**

– यति दिनसम्म गरिएको थिएन तर अहिले विभाग गठन भएको छ। यसलाई सकारात्मकरुपमा लिनुपर्छ। धेरै विभागहरु खाली छन्, पार्टीले गर्नैपर्ने थियो। पहिला नै गरिएको भने नेता कार्यकर्ताहरुले जिम्मेवारी पाउँथे र पार्टीका केही न केही गतिविधि गर्थे। पार्टीमा कार्यकर्ताहरुले गरेको योगदानको मूल्यांकन गरेर विभागहरुमा मनोनित गरिएको छ। यो शुभ संकेत हो कांग्रेसका लागि।

**० कांग्रेसको यो महाधिवेशनबाट अब कस्ता नेतृत्व आउँछन् ?**

– कांग्रेसको अबको नेतृत्व पाको र युवाको मिश्रण हुनुपर्छ। जुन प्रकारले आर्मी परिचालन हुन्छ, आर्मीका कमाण्डर पाको उमेरका हुन्छन् र जवानहरु युवा हुन्छन्। त्यहीं प्रकारले कांग्रेसमा युवा र पाको उमेरको समिश्रण हुनुपर्छ। कांग्रेस एउटा ऐतिहासिक र पुरानो पार्टी भएकोले यसमा धेरै ऐतिहासिक नेताहरु हुनुहुन्छ। उहाँहरुलाई पनि माइनस नगर्ने र युवा नेतृत्वलाई पनि प्रोत्साहन गर्ने त्यस्तो किसिमको एउटा संयुक्त मेकानिजम बनाई पार्टीलाई सञ्चालन गर्नुपर्छ।

**० महाधिवेशनमा तपाईंको तयारी के छ ?**

– म अहिले पनि केन्द्रीय सदस्य छु र केन्द्रीय सदस्यकै लागि लड्छु। मेरो दावा केन्द्रीय समितिका लागि हुन्छ र जितेर आउँछु।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# जसपा केन्द्रीय कार्यकारिणी समितिको चारदिने बैठकको १० निर्णय

काठमाडौं, २६ साउन । जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक यही २०७७ साल साउन २१(२४ सम्म अध्यक्षद्वय मा.महन्थ ठाकुर र मा. उपेन्द्र यादवज्यूको अध्यक्षतामा ललितपुरमा सम्पन्न भयो । बैठकले समायोजन निर्देशिका, वर्तमान राजनीतिक परिस्थिति र पार्टीको दायित्व, समसामयिक प्रस्तावहरु र आचारसंहिता लगायतका कार्यसूचीहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु लिएको छ ।

१) बैठकले वर्तमान राजनीतिक परिस्थितिको मुल्याँकन गरी मुलुकमा अहिले कोभिड (१९ को महाविपत्तिबाट मुक्त भई नसकेको अवस्थामा के.पी. ओली सरकारको कुनै ठोस कार्ययोजना नरहेको र प्रधानमन्त्री ओली शारिरीक र मानसिक दृष्टिले अत्यन्तै कमजोर रहेको छ । वर्तमान सरकार बने देखि नै संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता लगायतका पक्षलाई कमजोर पार्ने षड्यन्त्र सहित पहिचान र अधिकारका लागि जनताले उठाएका मागलाई जातिवादको रुपमा चित्रण गर्ने कार्य गरेर देश भित्र विभाजनको विऊ रोप्ने कार्य गर्दैछ । अध्यादेश ल्याएर देशमा पार्टी विभाजन गर्ने तथा प्रतिपक्षलाई भूमिका विहिन गराउने किसिमबाट अधिनायकवादी चरित्र देखाएको, संविधान संशोधन गर्ने सहमतिको समेत पालना नगरि सरकार टिकाउन साम, दाम, दण्ड, भेद जस्ता अपराध गर्न अग्रसर भएको, राष्ट्रियता जस्तो विषयलाई भारतसँग जोड्ने वालापन देखाउँदै परस्पर निर्भर विश्वमा दुई छिमेकी मुलुकहरुबीच कुटनीतिक, आर्थिक सम्बन्धलाई बलियो र सन्तुलित नीति अपनाउनुको सट्टा कुटनीतिक अपरिपक्वता र असन्तुलन प्रदर्शन गर्ने, देशभित्र नश्लवादलाई प्रोत्साहन तथा भ्रष्टाचार र कालोबजारी एवम् कमिशनखोरीलाई वढावा दिने कार्य भएको छ । महंगीको मार झेलीरहेका आम नेपाली जनतामाथि ग्यास तथा पेट्रोलियम पदार्थमा बारम्वार मूल्य वृद्धि गर्ने र करको भार थप्ने जस्ता गैरजिम्मेवारी काम सरकारबाट भईरहेको छ । संघीय संसदलाई आफ्नो पार्टीको छाया जस्तो बनाई संसदको गरिमा घटाउने र राष्ट्रिय एकताको प्रतिकको रुपमा रहनुपर्ने राष्ट्रपति जस्तो पदको दुरुपयोग गर्दै आफ्नो शक्ति मजबुत गर्ने हतियारको रुपमा प्रयोग गर्दै आईरहेको छ ।

२) बैठकले वर्तमान उपलब्धि नै नेकपा र नेपाली कांग्रेसलाई वढी भईसकेको यथास्थितिवादी सोचले उनीहरुका लागि जनअधिकारको सट्टा सरकारमात्र लक्ष्य रहेको छ । पहिचान सहितको संघीयता र समाजवादको जस्तो अग्रगामी परिवर्तनको ऐतिहासिक अभिभारा बोकेको हाम्रो पार्टी सामू अहिले संसदीय मोर्चा र जनसंघर्षको मोर्चाबाट अघि वढ्दै आफ्नो ऐतिहासिक कार्यभार पूरा गर्नु पर्ने दायित्व रहेको छ । कोभिड (१९ ले देश आकान्त भएको यस अवस्थामा जनसंघर्षको मोर्चा प्रभावकारी बन्न सक्ने स्थिति नभएको भए पनि सामाजिक दुरी कायम राख्दै पहिचान र अधिकार सहितको संघीयता तथा महंगी, कालाबजारी भ्रष्टाचार उन्मूलन, समतामुलक समृद्धि र सुशासनसंग सम्बन्धित विषयहरुलाई एजेण्डा वनाई आन्दोलन अगाडि बढाउन जरुरी छ । परिवर्तनको हाम्रो आन्दोलनलाई परिणाममुखी बनाउन सिद्धान्त र विचार मिल्ने दलहरुबीच एकीकरण र ध्रुवीकरणका साथै संघीयता पक्षधर शक्तिहरुबीच सहकार्य गर्दै प्रभावकारी बनाउन अल्पसंख्यक समुदायको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र निर्माण, राष्ट्रिय हित र जनताको समृद्धि, भ्रष्टाचार उन्मूलन र सुशासनको मुद्दाहरुलाई समेटनु पर्दछ । त्यसैगरी मधेश जनविद्रोह तथा थरुहट आन्दोलनको क्रममा कैलालीको टिकापुर घटनामा हाम्रो पार्टीका नेता मा. रेशमलाल चौधरीको अविलम्व रिहाई गर्नु पर्ने लगायत विभिन्न जिल्लाहरुमा यसका दमनको कममा गरिएको गिरफ्तारी, झूठामुद्धा, जेल सजाय र घाईतेहरुका उपचार र क्षतिपूर्ति दिनु पर्ने जस्ता कतिपय समस्याहरु समाधानका लागि पार्टीका आगामी कार्यभारलाई पूरा गर्न गराउन प्रत्येक प्रदेशमा प्रादेशिक रुपमा पनि आन्दोलनको आवश्यकता पर्नेछ ।

३. यसैगरी बैठकले संविधान संशोधन सम्बन्धमा नेपालको संविधान २०७२, नेपालको सातौं र संविधान सभाबाट घोषणा गरिएको पहिलो संविधान हो । यस संविधानले नेपाललाई एकात्मक, केन्द्रिकृत शासन प्रणालीबाट संघीय प्रणालीमा, एकल जातीय प्रभूत्व हुने प्रणालीबाट समावेशी लोकतन्त्र, संवैधानिक राजतन्त्रात्मक प्रणालीबाट लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा, हिन्दू राज्यबाट धर्मनिरपेक्ष प्रणालीमा रुपान्तरित गरेको छ । संविधानले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मूख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापना गरेको छ । मिश्रित निर्वाचन प्रणाली, मौलिक हक, मानव अधिकारको प्रत्याभूति, स्वतन्त्र र आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीयता, प्रेस स्वतन्त्रता जस्ता लोकतान्त्रिक विशेषताहरु पनि यस संविधानमा रहेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तह रहेको छ । संघीय प्रणालीमा संघ र प्रदेशको संरचना हुन्छन् । स्थानीय तह वा निकाय प्रदेशको क्षेत्राधिकार भित्र पर्दछन् । तर वर्तमान संविधानले संघीय प्रणालीको मूल मर्म र भावनालाई आत्मसाथ गर्न सकेन । विगतका संविधानहरु जस्तै यस संविधानले पनि मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिम, महिला, दलित, खस तथा अल्पसंख्यक समुदाय लगायत अन्य बहिष्करण र विभेदमा पारिएका सीमान्तकृत समुदायहरुको हक, अधिकारका साथै राष्ट्रिय मुद्दाहरुलाई सम्वोधन गर्न सकेन । अधिकार, राष्ट्रिय पहिचान र सामर्थ्य विनाको संघीय प्रणालीको व्यवस्था गरिएको छ, जो अत्यन्त त्रुटीपूर्ण र विकृत रहेको छ । नेपालको अन्तरिम संविधान २०६३ मा नै व्यवस्था भईसकेको तथा पहिलो संविधान सभामा समेत सहमति भईसकेको आदिवासी जनजाति, मधेशी लगायत वहिष्करणमा परेका रपारिएका समुदायलाई राज्यमा समान हैसियतमा सत्ता, शक्ति र स्रोतको साझेदारीको लागि समानुपातिक समावेशीको व्यवस्था गरिएको छैन । राजनीतिक, आर्थिक र सामाजिक रुपले बहिष्करणमा पारिएका र सीमान्तकृत समुदायको राजनीतिक, आर्थिक, सामाजिक(साँस्कृतिक अधिकारलाई संविधानमा संकुचित पारिएको छ । समान भाषिक अधिकार न दिई राजतन्त्र कालको "एउटै भाषा, एउटै भेष' को नीतिलाई नै निरन्तरता दिने कार्य गरिएको छ । संविधानले स्वतन्त्र न्यायपालिका तथा संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई साँघुरो पारिएको छ । विगतका संविधानहरु झै यो संविधानले पनि सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक एवम् जातीय विविधता भएको नेपाललाई सम्वोधन गर्न सकेन । जो भविष्यमा राष्ट्रियता र राष्ट्रिय एकताको लागि घातक सिद्ध हुन सक्छ । यो संविधान अधुरो, अपूर्ण र त्रुटीपूर्ण मात्र नभई विभेदकारी पनि रहेको छ । पहिलो संविधान सभामा भईसकेको सहमतिहरु, राज्य पुनः संरचना सुझाव उच्चस्तरीय आयोगको प्रतिवेदन(२०६८ का आधारमा राज्य पुनर संरचना, शासकीय स्वरुप, निर्वाचन प्रणाली, न्याय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक सुरक्षा, सामाजिक न्याय, सुशासन, आर्थिक न्याय, नागरिकता आदि प्रावधानहरुमा रहेका त्रुटीहरुलाई संविधान संशोधन गरी सच्याउनु पर्दछ । विगतमा गरिएका गल्ति कमी कमजोरीलाई सुधार गरी संविधानलाई परिमार्जन गरिनु पर्दछ । हाम्रो पार्टीको तर्फबाट सांसदहरुले प्राईभेट विलको रुपमा दर्ता गरेका संविधान संशोधनको प्रस्तावलाई पारित गरिनु पर्दछ । सबै समुदायहरुको लागि समान रुपमा राजनीतिक र नागरिक अधिकारहरु आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको प्रत्याभूति गर्नु पर्दछ ।

४) नागरिकता सम्बन्धमाः नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७७ " संशोधन व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको छ । मूल ऐनको दफा ५ को संशोधनमा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपालको अंगिकृत नागरिकता लिन चाहेमा वैवाहिक सम्बन्ध कायम भई नेपालमा निरन्तर ७ वर्ष सम्म स्थायी बसोबार गरेको रहेछ भने निजले नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ' उल्लेख गरिएको छ । आजको भूमण्डलीकृत युगमा अन्तरजातीय र अन्तर्राष्ट्रिय विवाहको प्रचलन बढीरहेको अवस्थामा उक्त संशोधन प्रस्तावले महिला र पुरुष बीच लैङ्गिक विभेद गर्नुका साथै युगौं देखि नेपाली जनताको भारत लगायत अन्य मुलुकका जनताबीच कायम रहेको पारिवारिक, सामाजिक, साँस्कृतिक, धार्मिक सम्बन्धलाई अवरुद्ध गर्ने छ । तसर्थ यस भन्दा पहिले कायम रहेको वैवाहिक अंगिकृत नागरिकता प्राप्ति सम्बन्धी प्रावधानलाई यथावत नै राख्नु पर्दछ । नारिकताको सवालमा महिला र पुरुष बीच असमानता र विभेद गर्नु हुन्न । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु स्वयम्ले घोषणा गरेको पहिचानलाई नै मान्यता दिई नागरिकता प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ । गोरखा सेनाको रुपमा विदेशमा कार्यरत नेपालीहरुको नागरिकतालाई निरन्तरता दिदै उनीहरुको सन्तानलाई नागरिकता दिने व्यवस्था गरिनु पर्दछ ।

५) राजवन्दी रिहाई, मुद्दा खोरेजी र द्वन्द्व व्यवस्थापन सम्बन्धमा:
मधेश/थरुहट आन्दोलनको शिलशिलामा गिरफ्तार गरी जेलमा राखिएका मा.रेशम चौधरी श्रवण कुमार मौर्य(कपिलबस्तु, चन्डिका सहनी बारा, समेत जलेश्वर, सिरहा, सप्तरी, बारा, लगायत देशका विभिन्न जिल्लाहरुमा रहेका सम्पूर्ण राजवन्दीहरुलाई विनाशर्त यथाशिघ्र रिहाई गरिनु पर्दछ । मधेशरथरुहट आन्दोलनका दौरान आन्दोलनकारी माथि चलाइएका मुद्दा खारेज गरिनु पर्दछ । यी आन्दोलनहरु राजनीतिक आन्दोलन भएकाले यसको समाधान पनि राजनीतिक नै हुनु पर्दछ । मधेशी, थारु, आदिवासी जनतातिहरुले उठाएका राजनीतिक मुद्दाहरुलाई संवोधन नगरी राजनीतिक समस्याको समाधान हुन सक्दैन । तसर्थ आन्दोलनका दौरानमा उठेका र उठाइएका राजनीतिक मुद्दाहरुलाई सरकारले यथाशिघ्र सम्वोधन गरी समस्याको समाधान गर्नु पर्दछ । जनयुद्ध पछि भएका शान्ति सम्झौता बमोजिम गठन हुनु पर्ने सत्यनिरुपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगलाई छिटो पूर्णता दिई द्वन्द्वकालिन समस्यालाई छिटो समाधान गरिनु पर्दछ र शहीद तथा वेपत्ता परिवार, घाइतेहरुको उचित व्यवस्थापन गरिनु पर्दछ ।

६) हिंसा हत्या सम्बन्धी घटनाहरु
देशमा व्यापक रुपले हिंसा, हत्या, लुटपाट, चोरी, डकैतीको घटनाहरु व्यापक रुपमा बढीरहेको छ । निर्मला पन्तका हत्यारा अझै पनि सरकारले गिरफ्तार गरी कानूनी दायरामा ल्याउन सकेका छैन । अन्तरजातीय सम्बन्धका कारण रुकुम पश्चिम चौरजहारी न.पा.मा सामुहिक हत्या गरियो । उक्त हत्याकाण्डमा नवराज वि.क. सहीत ६ जनाको हत्या गरिएको छ । त्यसै गरी लहान, सिरहामा रोशन राम, सबैला ईलाका प्रहरी कार्यालय धनुषा हिरासतमा शम्भू सदा, धनुषाकै हंशपुरका राजु सदा, सप्तरीमा त्रिभूवन राम, विराटनगर, मोरङमा राजेश ऋषिदेवको हत्या गरिएको छ । यसरी नेपालका दलित समुदायमाथि श्रृखलाबद्ध रुपले दमन, हिंसा र हत्या हुनु अत्यन्त चिन्ताको विषय भएको छ । देशमा बढ्दो घरेलु हिंसा, हत्या, महिला हिंसा, लुटपाट जस्ता अपराधिक क्रियाकलाप एवम् अपराधलाई नियन्त्रण गर्न र नागरिकलाई सुरक्षा प्रदान गर्न सरकारले यथाशिघ्र ठोस कदम चाल्नु पर्दछ । उक्त घटनामा संलग्न दोषिहरुमाथि कानूनी कार्यवाही गरिनु पर्दछ।

७) विपदको जोखिम र उद्धार:
गत वर्षको तुलनामा अहिलेसम्ममा प्रशस्त वर्षले गर्दा बाढी, पहिरो, भूक्ष्य र डुवानको जोखिम बढीरहेको छ । राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने कार्यमा सरकार समन्वयात्मक रुपमा सक्रियताका साथ लाग्नु पर्दछ । आगामी दिनमा नदी नियन्त्रण गरी जोखिमपूर्ण स्थानमा रहेको बस्ति बसोवासलाई स्थानान्तरण गरी सुरक्षित स्थानमा बसोवासको व्यवस्था गर्नु पर्दछ । बेपत्ता भएकाहरुको खोजी, राहत वितरण, उपचार र पुनर्स्थापनाको कार्यलाई प्रभावकारी ढंगले परिचालन गर्नु पर्दछ ।

८) शिक्षा सम्बन्धी : कोभीड-१९ का कारणले लामो समय देखि स्कूल, कलेज वन्द गरिएकाले छात्रछात्राहरु शिक्षा आर्जन गर्ने कार्यबाट बन्चित हुनु परेको छ । पठन-पाठनलाई सुचारु गर्नका लागि सरकारले आवश्यक वैकल्पिक उपायहरु अवलम्वन गरी पठन-पाठनलाई सुव्यवस्थित गरिनु पर्दछ ।

९) माडी नगरपालिका -९ कुसुमखोलास्थित चेपाङका घर हात्ती लगाएर भत्काउने र आगो लगाउने कार्य अत्यन्त अमानवीय र निन्दनीय कार्य हो । कुसुमखोलाका मात्र होइन अहिले पनि करिब यायावर जीवन विताइ रहेका आर्थिक रुपले अतिनै पिछडिएका चेपाङलाई बसोबासको बैकल्पिक व्यवस्था नगरी गरिएको यस्तो निर्णय न्यायपूर्ण हुँदैन । गरीब जनताका घरमा आगो लगाउने, घर भत्काउनेलाई छानबिन गरेर दोषिलाई तत्काल कारवाही गरिनु पर्दछ ।

१०) कृषकहरुको समस्या सम्बन्धमा : कोभिड-१९ महामारीको कारणले गरिएको Lockdown र हालै भएको अत्यधिक वर्षाका कारणले बाढी, पहिरो, भूक्षय र डुवानका कारण किसानहरु अत्यन्त दुःख कष्टका साथ निकै मारमा परेका छन् । उनीहरुले लगाएका वाली(नाली नष्ट भएका छन् । किसानले लिएका ऋणको साँवा ब्याज तिर्न नसक्ने अवस्थामा छन् । तसर्थ यी किसानहरुलाई सरकारले राहत उपलब्ध गराउनुका साथै कृषि ऋणको ब्याज मिनाह गरी खेतीका लागि सहुलीयत दरमा मलखाद, विऊ विजन, किटनाशक औषधी लगायत आवश्यक सामग्री तत्काल उपलब्ध गराउनु पर्दछ । किसानले उत्पादन गरेका कृषि उपजहरुको उचित मूल्य, भण्डारण र कृषि बजारको व्यवस्थापन सरकारले गर्नु पर्दछ ।

## मधेश अपडेट

### प्रदेश २ को मन्त्रिपरिषद कार्यालय सिल

जनकपुरधाम । प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको कामकाज बन्द गरिएको छ । प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव, सत्तारुढ जसपाका प्रदेशसभा सदस्य डा.रिना यादव र विभिन्न मन्त्रालयका कर्मचारीहरुमा कोरोना संक्रमण पुष्टी भएसँगै कार्यालयको कामकाज बन्द गरिएको हो । मन्त्री यादव, प्रदेशसभा सदस्य डा.यादव लगायत कर्मचारीमा कोरोना पुष्टि भएपछि मुख्यमन्त्री कार्यालय, सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयभित्र प्रवेश निषेध गरी सिल गरिएको छ । आन्तरिक मामिला मन्त्रालयमा बुधबार ८ जना कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको थियो । यसअघि सामाजिक विकास मन्त्रालयमा ४ र मुख्यमन्त्री कार्यालयका ६ जना कर्मचारीमा कोरोना संक्रमण देखिएलगत्तै कोरोना रोकथाम तथा नियन्त्रणका लागि सतर्कता र सुरक्षा अपनाउन मन्त्रालयहरुको कामकाज बन्द गरिएको जनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सम्पूर्ण काम बन्द गरेर मूल ढोकामै ताल्चा लगाइएको छ भने सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यालयमा बुधवार ताला लगाइएको छ । कोरोना संक्रमण फैलिनसक्ने भन्दै मुख्यमन्त्रीसहित केही मन्त्रीहरु निवासबाटै काम गरिरहेका छन् भने केहि मन्त्रीहरु भने आ-आफ्नो गृहजिल्ला गएका छन् । मन्त्रिपरिषद कार्यालयले एक सूचना प्रकाशित गरी ६ जना कर्मचारीमा संक्रमण पुष्टि भएकोले हालका लागि कार्यालय सिल गरिएको जनाएको छ ।

### क्वारेनटाइनमा स्वास्थ्य सामग्री सहयोग

रौतहट । रौतहटका विभिन्न क्वारेनटाइनमा एक संस्थाले विभिन्न स्वास्थ्य सामग्री वितरण गर्दै आएको छ । जिल्लाको गरुडा नगरपालिका वडा नं–२ मा रहेको श्री सृजनात्मक समाज कल्याण केन्द्र नेपालले कोरोनको त्रास बढी रहेको अवस्थामा आफु र आम नागरिक कोरोनाको संक्रमणबाट जोगिन सहज होस भन्ने उद्देश्यले सो सामग्रीहरु बितरण गरिएको संस्थाका अध्यक्ष बिबेक शर्माले बताएका छन् । शर्माका अनुसार हालसम्म रौतहटका विभिन्न स्थानमा सञ्चालन गरिएका क्वारेन्टिनमाहरु मध्ये गरुडा मावि, पुलिस स्कुल बिर्ता, नेपाल उच्च मावि बिश्रामपुर, शंकरगुद्धर मावि समनपुर, सखुअवा क्वारेन्टाइन लगायतका स्थानमा स्वास्थ्य सामग्री बितरण गरिएको अध्यक्ष शर्माले बताए । सो संस्थाले केएन ९५ मास्क २०० थान , सेनिटाइजर २०० थान , पेष्ट २०० थान , ब्रस २०० थान , टावेल २०० थान , झुल २०० थान , महिलाहरुका लागी सेनिटरी प्याड २०० थान , पानी , सावुन लगायतका सामग्री हस्तान्तरण गरेको अध्यक्ष शर्माले जानकारी दिए । सो सामग्री बितरणमा हाम्रो सानो प्रयास काठमाडौ र सानो पाइला बिरगंजको आर्थिक सहयोगमा प्रदान गर्दै आइरहेको जनाइएको छ । शर्माले वास्थ्य सामग्री बितरणमा सहयोग गर्ने आफ्ना सबै सहयोगी साथिहरुलाई धन्यवाद समेत दिएका छन् ।

### नेपालगञ्जमा सेनाको निगरानी

बाँके । जिल्ला प्रशासन कार्यालय बाँकेले शनिबार रातिदेखि नेपालगञ्न सिल गरेको छ । शनिबार राति १२ बजेदेखि गरिएको सिल मङ्गलबार राति १२:०० बजेसम्म रहनेछ । सिल गरिएको क्षेत्रका सडकसमेतमा हिँडडुल गर्न दिइएको छैन । जीवन रक्षाका लागि भन्दै जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले निषेधाज्ञाकै समयमा उक्त क्षेत्र सिल गरेको जानकारी दिइएको छ । जिल्ला प्रशासन कार्यालयले सिल गरेको उक्त क्षेत्रमा भने नेपाली सेनाले निगरानी गरिरहेको छ । नेपाली सेनाको टोलीले सिल गरिएको उक्त क्षेत्रमा २४ घण्टा उच्च निगरानी बढाइएको छ । सिल गरिएको क्षेत्रको अनुगमनमा प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख नै सडकमा स्वयं खटिएका छन् । प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वाङको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले नेपालगञ्जको सुर्खेत रोडलाई बाहिर पारेर पुष्पलाल चोकदेखि गणेशमान चोक, गणेशमान चोकदेखि चारबाहिनी चोक, पिपलचौतारा हुँदै बाँकेगाउँ, बाँकेगाँउबाट रिङरोड, आर्मी ब्यारेक हुँदै नहरपुरुवा चोकसम्म र नहरपुरुवा चोकदेखि बसपार्क हुँदै पुष्पलाल चोकसम्मको चार किल्लाभित्रको क्षेत्र पूर्णरुपमा सिल गरिएको हो ।

### अस्पतालहरुविरुद्ध वीरगञ्जमा प्रदर्शन

वीरगञ्ज । वीरगञ्जका अस्पतालहरुले बिरामीलाई भर्ना नै नगरी गेटबाटै फर्काई दिने गरेपछि स्थानीयहरुले वीरगञ्जमा विरोध प्रदर्शन गरेका छन् । उनीहरुले नारायणी अस्पताल अगाडि प्रशासन विरुद्ध नाराबाजी गर्दै विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनमा सहभागीहरुले वीरगञ्जका अस्पतालहरु ज्यानमारा भएको नाराबाजी गरेका थिए । उनीहरुले अस्पतालहरु पैसा कमाउनको लागि मात्रै खोलिएको भन्दै महामारीको बेलामा आम जनतालाई सेवा दिनु पर्नेमा उल्टै बिरामीलाई भर्ना नै नगरेर फर्काइ दिने गरेकोले यस्ता अस्पताललाई कडा कारवाही गर्नुपर्ने माग समेत गरेका छन् । अस्पतालको लापार्वाहीका कारणले नै वीरगञ्ज छपर्कैयाका २० वर्षकी युवतीले उपचारको अभावमा ज्यान गुमाउनु परेको भन्दै उनीहरुले यस्तो अस्पताललाई कारवाही गर्न माग गरेका थिए । वीरगञ्जमा कोरोना संक्रमितहरुको संख्या लागातार रुपमा बढ्दै गएपछि यहाँका अस्पतालहरुले बिरामी भर्ना गर्न तथा उनीहरुको चेकजाँच गर्न समेत छोडेका छन् । हालसम्म वीरगञ्जमा उपचार नपाएर तीनजनाले ज्यान गुमाउनु परेको छ । जिल्ला प्रशासनले पर्साका सबै अस्पतालहरुलाई बिरामी भर्ना गर्न र छुटै आइसोलेसन बेडको व्यवस्था गर्न निर्देशन दिएको भए पनि त्यो हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

### कटहरियामा भदौ ६ सम्म निषेधाज्ञा

रौतहट । रौतहटको कटहरिया नगरक्षेत्रमा १२ दिनसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ । साथै नगरपालिकाले विभिन्न ५ बुंदे निर्णय समेत गरेको छ । समुदायमा कोरोना भाईरसको संक्रमण बढ्न थालेपछि मंगलबार मेयर सियाराम कुश्वाहाको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले अगामी भदौ ६ गतेसम्म पूर्णरुपमा निषेधाज्ञा जारिराख्ने निर्णयमा गरेको हो । यस अवधिमा मनपरि ढंगले पसल सञ्चालन गर्नेलाई आर्थिक र कानुनी कार्वाही गर्ने निर्णय समेत गरिएको छ । निषेधाज्ञा अवधिमा अत्यावश्यक बाहेक पसल सञ्चालन गर्नेलाई ५१ सय जरिवाना र २६ घन्टा प्रहरी हिरासतमा राखेर कार्वाही गर्ने निर्णय भएको मेयर सियाराम कुश्वाहाले जानकारी दिए । त्यसैगरी संक्रमित ९ जनालाई कटहरिया माविमा रहेको क्वारेन्टाइनमा राखेर उपचार गर्ने तथा उनीहरुको सम्पर्कमा आएकाहरुको पिसिआर परीक्षणको लागि भोलिदेखी स्वाब संकलन गरिने निर्णय गरिएको छ । संक्रमण नियन्त्रण गर्न परीक्षणको दायरा बढाउने तथा वडा १ देखि ९ सम्मका मानिसको परीक्षणको लागि पहल गरिने छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-५ मनहरा पुलनजिक सडकमा से.६ प ३३८९ नम्बरको मोटरसाइकल बिहीबार बिहान अनियन्त्रित भई सडकबाट करिब २० फिट तल खसेर दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने डडेल्धुरा अमगरगढी नगरपालिका-८ घर भएका २० वर्षीय खेम सार्कीको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पहिरोबाट सडक अवरोध

कपिलवस्तु । शिवराज नगरपालिका-१ चोरखोलास्थित पूर्वपश्चिम राजमार्जमा पहिरो आई बिहीबार बिहानदेखि सडक अवरोध भएको छ । वडा प्रहरी कार्यालय चन्द्रौटाबाट खटिएको प्रहरीले सडक विभागको स्काभेटरको सहयोगमा सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

### डुबेर वृद्धाको मृत्यु

रौतहट । देवाही गोनाही नगरपालिका-३ बस्ने ७० वर्षीया झलिया देवी ठाकुर सोही ठाउँस्थित पोखरीमा डुबेर सोमबार मृत अवस्थामा फेला परेकी छन् । शौच गर्न जान्छु भन्दै घरबाट निस्किएकी उनी नफर्केपछि उनको परिवारले खोजी गर्ने क्रममा मृत फेला परेकी हुन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# कोरोना संक्रमण नियन्त्रणको विषयमा मुख्यमन्त्री राउतद्वारा संघीय सरकारलाई ध्यानाकर्षण



काठमाडौं । प्रदेश नं. २ मा कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि प्रदेश सरकारले संघीय सरकारलाई ध्यानाकर्षण गराएको छ ।

प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको नेतृत्वमा सामाजिक विकासमन्त्री नवल किशोर साह र मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा सहितको टोलीले आइतबार उपप्रधानमन्त्री इश्वर पोखरेल, स्वास्थ्यमन्त्री भानुभक्त ढकाल र श्रममन्त्री रामेश्वर रायसँग भेट गरी कोरोना भाइरस रोकथामका लागि विशेष प्याकेज ल्याउन आग्रह गरेको छ ।

मुख्यमन्त्री राउत सहितको टोलीले प्रदेश नं. २ अहिलेको अवस्थामा अति प्रभावित भएकोले तत्काल विशेष प्याकेज ल्याउन आग्रह गरेको छ । त्यसैगरी, मुख्यमन्त्री राउतको टोलीले प्रशासन तथा सुरक्षा निकायलाई थप चुस्त दुरुस्त रुपले काम गर्नुपर्ने तथा सिमा क्षेत्रमा थप कडाई गर्नुपर्नेतिर विशेष ध्यान दिनुपर्नेप्रति चासो राखेको थियो ।

छलफलका क्रममा उपप्रधानमन्त्री पोखरेलले विरगंज नेशनल मेडिकल कलेजमा कोभिड उपचारका लागि ५०० वेडको आइसोलेसन वार्ड तुरन्त व्यवस्थापन गर्नेगरी संघीय सरकारबाट निर्णय गरिने सुनिश्चित गराए ।

उक्त क्रममा तत्काल ५० हजार भिटिएम रिएजेन्टको उपलब्धता तथा पिसिआर परिक्षणका लागि दुई वटा आर एन ए मेसिन उपलब्ध गराउनेबारे समेत छलफल भएको छ ।

मुख्यमन्त्री राउतले प्रदेश नं. २ मा रहेका गम्भिर विरामीलाई तत्काल काठमाडौं ल्याउने गरी हेलिकप्टर स्टाण्डबाई राख्न तथा प्रदेश नं. २ मा कोरोना उपचार सम्बन्धमा कुनै कमि हुन नदिन माग समेत गरेका छन् ।

प्रदेश नं. २ मा चिकित्सकहरुको विशेषज्ञ टोली तत्काल पठाउनुपर्ने तथा सबै निजी अस्पतालहरुमा कम्तिमा २० प्रतिशत आइसोलेसन वेड उपलब्ध गराउन समेत ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी, नारायणी अस्पताललाई सामान्य अस्पतालको रुपमा राख्ने तथा विरामी भर्ना एवं उपचारमा लापरवाही गर्ने नीजि अस्पताललाई कारवाही गर्ने विषयमा समेत सहमति जुटेको छ ।

# चर्को शुल्कको अन्त्य गर्न थर्ड एलायन्सको अपिल

बाँके । तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स) ले बाँके जिल्लामा सञ्चालनमा रहेका आइसोलेसनहरुको मापदण्डका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

थर्ड एलायन्सले एक विज्ञप्ति जारी गर्दै संक्रमितहरुको संख्या बृद्धि हुने क्रम आइसोलेसन थप गर्ने निर्णय स्वागत योग्य भएको उल्लेख गर्दै होटलले आइसोलेसन बनाउनलाई तयार हुनु सकारात्मक पक्ष भए पनि आइसोलेसन सेन्टरमा बस्ने संक्रमितको उपचार तथा अन्य सुविधा प्रदान गर्नु सरकारको दायित्वभित्र परेपनि आइसोलेसन सेन्टरको रुपमा परिणत भएको नेपालगंजको एक होटलले विरामीहरुबाट चर्को रुपमा रकम असुली गरिरहेको पाइएकोले थर्ड एलायन्सको गम्भीर ध्यानाकर्षण भएको छ ।

कोहलपुरमा रहेको मेडिकल कलेजमा बनाइएको आइसोलेसन वार्डमा रहेका कोरोना भाइरस संक्रमितले वार्डमा खाना, पानी, फोन सुविधा तथा स्वास्थ्यकर्मीको उचित प्रवन्ध नरहेको भन्दै अन्यत्र राख्न माग गरेपछि जिल्ला प्रशासन कार्यालय बाँकेको पहलमा नेपालगंजस्थित आइसोलेसन सेन्टर बनेको होटेलको आइसोलेनमा सारिएको भएपनि होटेलले दैनिक ४ हजारको दरले रकम माग गरेपछि कोरोनाका कारण तनावपूर्ण अवस्था रहेको व्यक्तिलाई झन तनाब बनाएकोले यसप्रति गम्भीर बन्न थर्ड एलायन्स सम्बन्धित सबै पक्षसँग अपिल गरेको छ ।

साथै सरकारको प्रत्यक्ष निगरानीमा रहेका आइसोलेसनहरुलाई थप व्यवस्थित बनाई होटलमा बस्ने बातावरण सृजना हुन नदिन तर्फ ध्यान केन्द्रित गर्दै पिसिआर परीक्षणको दायरा बढाउन जरुरी रहेको विज्ञप्तिमा उल्लेख छ ।

संक्रमित व्यक्तिसँग नियम विपरीत रकम असुल उपर गर्नु प्रचलित कानून र सरकारको मापदण्ड विपरीत भएकोले यस्तो कार्य नगर्न नगराउन थर्ड एलायन्सले सम्बन्धित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ ।

साथै भौतिक दुरी कायम राख्दै विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ पूर्ण रुपमा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी निर्देशनको पूर्ण पालना गरी नागरिक कर्तव्य निर्वाह गर्न अपिल समेत गरेको छ ।

यस्तै मानव अधिकार संरक्षण तथा प्रवर्द्ध केन्द्रकी सूचना अधिकारी पुजा कुमारी बैश्यले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी निर्देशिकाको पूर्ण कार्यान्वयन गर्न सरकारसँग अपिल गरिन् ।

उनले कोरोना भाइरस (कोभिड-१९) भाइरस संक्रमण फैलिरहेको स्थितिमा हिरासत तथा कारागारमा रहेका थुनुवा र कैदी बन्दीको मानव अधिकार रक्षा गर्न आग्रह गरिन् ।

कारागारमा रहेका थुनुवा, कैदी र बन्दी क्षमताभन्दा अधिक रहेको, खानेपानी, शौचालयसँगै सरसफाईमा समस्या देखिएको र भौतिक दूरी कायम गर्न पनि समस्या रहेको देखिएको जनाएको सूचना अधिकारी बैश्यले बताइन् ।

बाँकेको नेपालगंजमा रहेको कारागारका कैदीबन्दी संक्रमित देखिएकोले काराजगारमा रहेका सबै कैदी बन्दीहरुको कोरोना परीक्षण गर्नेतर्फ ध्यानकेन्द्रित गर्न जरुरी रहेको बताइन् ।

बाँकेमा कोराना संक्रमितहरुको ६५७ पुगेको छ भने ४०५ जना निको भएर घर फर्किसकेका छन् भने २४९ जना आइसोलेसनमा उपचार गराइरहेका छन् । कोरोनाबाट बाँकेमा ३ जनाको मृत्यु भइसकेको छ ।

# रेशम चौधरीलाई रिहाई गर्न आग्रह

धनगढी । सांसद रेशम चौधरीलाई रिहा गर्न थरुहट थारुवान राष्ट्रिय मोर्चाले सरकारलाई आग्रह गरेको छ ।

मोर्चाले सांसद चौधरीलगायत ११ जनालाई तीन महिना भित्र रिहाई नगरे प्रधानमन्त्री, मन्त्री र प्रधानमन्त्री निकट सांसदलाई थरुहट क्षेत्रमा प्रवेश निषेधसँगै सामाजिक बहिष्कार गर्ने चेतावनी दिएको छ ।

मोर्चासँगै आन्दोलनमा ऐक्यवद्धता जनाएका नेपाल आदिवासी जनजाती महासंघ, प्रदेश ७समन्वय परिषद, नेपाल लोकतान्त्रिक पार्टी कैलाली, खसान राष्ट्रिय संघर्ष समिति लगायतका ८ वटा संगठनले शनिबार धनगढीमा संयुक्त पत्रकार सम्मेलन गरि बहिष्कारको चेतावनी दिएका हुन् ।

मोर्चाका केन्द्रीय संयोजक लक्ष्मण थारुले टीकापुर घटनालाई अपराधिक घटना बनाई रेशम चौधरी लगायतका ११ जनालाई बन्दी बनाएको र उनीहरुलाई तीन महिना भित्र नछोडे त्यसबाट उत्पन्न असहज परिस्थितिको जिम्मेवारी प्रधानमन्त्री केपी ओलीले लिनुपर्ने चेतावनी दिए ।

पत्रकार सम्मेलनमा लक्ष्मणले भने-'हामीले पटक पटक सरकारको ध्यानाकर्षण गराएका छौं, तर सुनुवाई भएको छैन, अब तीन महिना भित्र पनि सुनुवाई भएन भने निर्णायक आन्दोलन गर्ने छौं ।'

उनले भने-'केपी ओली नेतृत्वको सरकार जनताका समस्या र मागको वेवास्ता गर्दै अगाडि बढेकाले आन्दोलनको विकल्प छैन ।'

संयुक्त आन्दोलन संघर्ष समितिले साउन २५ गते देखि असोज ३ गते सम्मको संघर्षको कार्यक्रम समेत सार्वजनिक गरेको छ । कार्यक्रमअनुसार साउन २५ गते प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाउने, भदौ २ गते मानवअधिकार तथा नागरिक अगुवाहरुसँग धनगढीमा वृहत अन्तरक्रिया गर्ने, भदौ ७ गते टीकापुर थरुहट विद्रोहलाई स्मरण गर्दै देशव्यापी विरोधसभा गर्ने लगायत रहेका छन् ।

यो अवधिमा पनि माग पूरा नभए दसैं, तिहार, छठपछि सशक्तरुपमा निर्णायक आन्दोलन गर्ने तालिका संघर्ष समितिले अगाडि सारेको छ ।

# रंगेलीले आफ्नै आइसोलेसन अस्पताल स्थापना गर्‍यो

मोरङ । प्रदेश नं. १ मा सँचालित सबै कोरोना अस्पतालका आसोलेसन सेन्टरहरु भरिएपछी मोरँगको रँगेली नगरपालिकाले आफ्नो क्षेत्रका सँक्रमितहरुका लागि आफ्नै श्रोत साधनबाट आइसोलेसन सेन्टर (कोरोना अस्पताल) तयार गरेको छ ।

रंगेली नगरपालिकाले आफ्ना सँक्रमित नागरिकको व्यवस्थापनका लागि जनता क्याम्पसको भवनलाइ नै आईसोलेशन अस्पतालमा रुपान्तरण गरेको छ । संक्रमण पुष्टि भएका तर लक्षण नदेखिएका नागरिकलाई समाजबाट आईसोलेट (अलग) गर्न स्थानीय जनता क्याम्पसलाई सय बेडको आईसोलेशन अस्पतालमा रुपान्तरण गरिएको हो ।

पछील्लो समय रँगेली नगरपालिकामा समुदाय स्तरमै ५२ जनामा सँक्रमण पुष्टी भएको र अघिल्लो दिन पुष्टी भएका २२ जनासँक्रमितहरु प्रदेशसरकारले सँचालन गरेको अस्पतालहरुमा भर्ना गरिए पनि पछील्लो दिन पुष्टि भएका हरुलाइ प्रदेशका कुनै पनि अस्पतालहरुमा बेड खाली नहुदा सोहि क्याम्पसको क्वारेन्टाइन मा राखिएको थियो । दिनदिनै प्रदेशभरी सँक्रमित थपिदै जादा नगरपालिकाले सोहि क्याममपसको भवनलाइ अस्पतालका रुपमा परिणत गर्ने घोषणा गरेको हो । नगरपालिकाका मेयर दिलिप बगडीयाका अनुसार सरकारले पालिकास्तरको आईसोलेशन सञ्चालन कार्यविधिमा तोकेको मापदण्डमा टेकेर तत्कालको समस्या टार्नका लागि क्याम्पसलाई नै आईसोलेशन अस्पतालमा रुपान्तरण गरिएको हो ।

क्याम्पसमा सञ्चालित आईसोलेशनमा अहिले ६ महिलासहित २८ सँक्रमितहरुलाई राखिएको छ । अस्पतालमा अक्सिजन सिलिण्डरको व्यवस्था, संक्रमितलाई प्रयोग गर्न व्यक्तिगत साबुनसहित सरसफाईमा प्रयोग गरिने सामाग्रीको उपलब्धता, शौचालय तथा पानी आपूतिको व्यवस्थापनसहित, स्वास्थ्य परामर्शका लागि रंगेली अस्पताल मेडिकल सुपरिटेन्डेन्ट नेतृत्वको चिकित्सक टोलि परिचालन गरिएको मेयर बगडीयाले जानकारी दिएका छन् । डा. राजेन्द्र पाण्डेले बिहान बेलुका अस्पतालको राउण्डिङ् गर्ने तथा दुइ जना हेल्थ एसिस्टेन्ट र दुइ जना सुरक्षा कर्मि चौबिसै घन्टा अस्पतालमा खटिने कुरा उनले बताएकाछन् ।

सँक्रमितहरुलाइ पोसिलो खाना , खाजा तथा फलफुलको समेत ब्यवस्था गरिएको कुरा नगरप्रमुख बगडियसले बताएकाछन् । सँक्रमितहरुमा कडा खालको लक्षण देखिए लक्षण देखिएका सँक्रमितलाइ तुरन्त बिराटनगरको कोशी अस्पतालमा मा सारिने समेत उनले बताएका छन् ।

सँक्रमितहरुको सँपर्कमा आएकाहरुको कन्ट्र्याक्ट ट्रेडिङ नसकिएको ले हाल सील गरिएका वडाहरुलाइ भदौ २ गते सम्म सील गर्ने तथा पुरै नगरपालिका क्षेत्रमा पनि २ गते सम्मै लकडाउन गर्ने निर्णय भएको बताएकाछन् । प्रदेश १ मा संक्रमितहरुको उपचार तथा स्वास्थ्य परामर्श प्रदान गर्न तोकिएका अस्पतालहरु भरिदैं गएपछि रंगेली नगरपालिकाले क्याम्पसलाई नै १०० शैयाको आईसोलेशन अस्पताल तयार गरेको हो । प्रदेश सरकारले सञ्चालनमा ल्याएको कोशी, वीपी र पीयू गोठगाउँको उपचार केन्द्र तथा आईसोलेशन अस्पतालमा संक्रमण पुष्टि भएकाहरुलाई राख्ने अवस्था छैन ।

झापाको मेची अस्पताल, मेची नगरपालिकामा निर्माण गरिएको आईसोलेशन अस्पताल र उदयपुरको चौदण्डीगढीको ५० शैयाको आईसोलेशन अस्पताल भरिएका छन् । यी अस्पतालमा आफ्ना पालिकाका संक्रमित नागरिकलाई भर्ना गर्न असजिलो बनेपछि रंगेली नगरपालिकाले भने आफ्नै आईसोलेशन अस्पताल बनाएर संक्रमितको व्यवस्थापन सुरु गरेको हो ।

## संक्षिप्त समाचार

### पूर्वमेयरको निधनप्रति कांग्रेसद्वारा दु:ख व्यक्त

जनकपुरधाम । नेपाली कांग्रेसले धनुषाका नेता तथा जनकपुरका प्रसिद्ध समाजसेवी एवम् पूर्वमेयर कृष्ण गिरीको निधनप्रति दु:ख व्यक्त गरेको छ । कांग्रेस केन्द्रीय कार्यालयले बिहीबार विज्ञप्ती जारी गर्दै गिरीको निधनप्रति दु:ख व्यक्त गरेको हो । गिरीको बुधबार ललितपुरस्थित मेडिसिटी अस्पतालमा ७३ वर्षको उमेरमा निधन भएको थियो । गिरी जनकपुर नगरपालिकाका पूर्व मेयरसमेत हुन् । 'स्वर्गीय गिरीले नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा सक्रिय भूमिका निर्वाह गर्नु भएको थियो,' पार्टीद्वारा जारी विज्ञप्तीमा भनिएको छ ।

### कपिलवस्तुमा १० दिनका लागि निधेषाज्ञा

कपिलवस्तु । कपिलवस्तु प्रशासनले १० दिनका लागि निधेषाज्ञा जारी गरेको छ । कोरोना संक्रमण समुदायस्तरमै फैलिएर दिनहुँ संक्रमितको संख्या बढ्न थालेपछि स्थानीय प्रशासनले १० दिनका लागि निषेधाज्ञा जारी गरेको हो । प्रशासनले बैंक तथा बित्तिय संस्थाका कर्मचारीहरुसहित संक्रमित बढ्न थालेपछि शुक्रबार बिहान ५ बजेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको हो । निषेधाज्ञा साउन ३२ गते राति १२ बजेसम्म लागू रहने छ । अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालय, बैंक तथा बित्तिय संस्था र सार्वजनिक यातायातका सवारी साधन पुर्णरुपमा बन्द गर्ने निर्णय गरिएको छ । प्रमुख जिल्ला अधिकारी दीर्घ नारायण पौडेलको अध्यक्षतामा जिल्ला कोरोना विपद् ब्यवस्थापन समितिको प्रशासन कार्यालयमा बसेको बैठकले सो निर्णय गरेको हो ।

### खानेपानी संस्थानका प्रमुख घुससहित पक्राउ

रुपन्देही । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नेपाल खानेपानी संस्थान बुटवलका कार्यालय प्रमुख सन्तोष साहलाई घुस रकमसहित पक्राउ गरेको छ । आयोगको केन्द्रीय कार्यालय टंगालबाट खटिएको टोलीले इन्जिनियर साहलाई धादिङको धुनिबेंसी नगरपालिका-८ खानीखोलाबाट आइतबार पक्राउ गरेको हो । उनको साथबाट स्रोत नखुलेको २ लाख ३३ हजार ५ सय रुपैयाँ नगद र बैंकमा रकम जम्मा गरेको ८ लाख २२ हजार रुपैयाँको भौचर बरामद भएको अख्तियारका प्रवक्ता तारानाथ अधिकारीले जानकारी दिए । इन्जिनियर साहले खानेपानी शाखा कार्यालयहरुका विभिन्न व्यक्तिहरुसँग घुस रकम लिएर काठमाडौंतर्फ आउँदै गरेको भन्ने सूचनाका आधारमा अख्तियारको टोली खटिएको थियो । खानेपानी संस्थान बुटवलको लु १ ञ ९५ नम्बरको गाडीलाई रोकेर इन्जिनियर साहलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारका प्रवक्ता अधिकारीले जानकारी दिए ।

### अस्पतालमा मृत्यु भएकी महिलामा कोरोना

वीरगञ्ज । अस्ति शनिबार राति नारायण कोरोना विशेष अस्पताल गण्डकमा मृत्यु भएकी महिनाको पीसीआर रिपोट पोजिटिभ आएको छ । वीरगञ्ज महानगरपालिका-१५ भेडियाही बस्ने ४५ वर्षीया महिलाको उपचारको मृत्यु भएको हो । मृत्युपछि नारायणी अस्पतालको पीसीआर प्रयोगशालामा गरिएको परीक्षणका क्रममा उनको रिपोर्ट पोजेटिभ आएको थियो । योसँगै साउनमा मात्रै पर्सामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १८ पुगेको छ ।

### अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा बन्द

कपिलवस्तु । कपिलवस्तु जिल्ला अस्पतालका स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएपछि अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा बन्द गरिएको छ । अस्पतालका विभिन्न फाँटमा कार्यरत कर्मचारीमा कोरोना पुष्टि भएपछि अत्यावश्यकबाहेकका सेवा बन्द गर्ने निर्णय गरिएको अस्पतालले सूचना जारी गरेको छ । अस्पतालको आन्तरिक बैठकले गरेको निर्णयअनुसार संक्रमणको सम्भावित जोखिममा रहेकाहरुको स्वाब परीक्षण रिपोर्ट नआएसम्म अति आवश्यक इमरजेन्सीबाहेका सम्पूर्ण सेवा बन्द रहने छन् । आइतबार अस्पतालका एक नर्सिङ कर्मचारी, एक ल्याबका कर्मचारी, एक्सरे र ओपीडीमा काम गर्ने कर्मचारीहरुमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

### जनकपुरमा निषेधाज्ञा ७ दिन थप

जनकपुरधाम । कोरोनाको संक्रमणमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले जनकपुरमा लगाएको निषेधाज्ञा अझै ७ दिनका लागि थपिएको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको सुरक्षा समितिको बैठकबाट ७ दिन अझै निषेधाज्ञा लम्ब्याउने निर्णय गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईले जानकारी दिए । कोरोना भाइरसको संक्रमण दिनप्रतिदिन समुदाय स्तरसम्म जडो बनाएको भन्दै संक्रमण कम गर्नको लागि अझै ७ दिनको निषेधाज्ञा थपिएका जानकारी दिए । यसका साथै, जनकपुरको दशरथ तलाउको उत्तरी डीलमा रहेको यात्रीनिवासलाई क्वारेन्टाइन बनाउने निर्णय गरिएको र अझ आइसोलेशन बनाउन र बैंक तथा वितिय संस्थाहरू सिफ्टअनुसार खोल्ने निर्णय गरिएको छ ।

### हाम्फालेकीको एपीएफ टोलीद्वारा उद्धार

रुपन्देही । रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका २ स्थित डण्डा खोलामा पुलबाट हाम्फालेकी सोही ठाँउ बस्ने २७ बर्षिय पबित्रा अधिकारीको एपीएफ टोलीले जीवितै उद्धार गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रुपन्देहीबाट खटिएको एपीएफ टोलीले उनको उद्धार गरेको हो । निज अधिकारीले पुलबाट हाम्फालेको भन्ने जानकारी पाउनासाथ तत्कालै खटिएको एपीएफ टोलीले उनलाई उक्त खोलाबाट जीवितै बाहिर निकाल्न सफल भएको हो । निज अधिकारीलाई आवश्यक उपचारार्थ भिम अस्पताल भैरहवातर्फ पठाइएको छ ।

### सुनसहित पक्राउ

मोरङ । मोरङ जिल्लाको विराटनगर महानगरपालिका १६ दरैयाबाट एपीएफ टोलीले करीब २३ लाख ७१ हजार रुपैयाँ बराबरको दुई सय ६७ ग्राम दुई सय २० मिलिग्राम सुनसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही महानगरपालिका १७ बस्ने ५५ बर्षिय शेमपेन गुप्ता छन् । उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बखीबाट खटिएको एपीएफ टोलीले उल्लेखित सुनसहित पक्राउ गरेको हो । साईकलमा दुध बोकी हिँडिरहेको अवस्थामा शंका लागि एपीएफ टोलीले जाँच गर्दा उनको साथमा उल्लेखित सुन फेला परेपछि पक्राउ गरिएको हो । एपीएफ टोलीले त्यसवेला निज गुप्ताको साथबाट पाँच हजार रुपैयाँ र एउटा मोबाईल सेट समेत बरामद गरेको छ ।

### नेपाली छोरी भारतमा एसएससीबीमा उत्कृष्ट

काठमाडौं । रोजगारीको क्रममा भारत पुगेका एक नेपाली मजदुरकी छोरी प्रतिभाले भारतीय बोर्ड परीक्षमा ९६.४ प्रतिशत अंक ल्याएर उतिर्ण गरेकी छन् । भारतको महाराष्ट्रस्थित कोस्टाल जिल्लाको पोल्टी पसलमा कार्यरत कृष्ण गोभिडलाल चौधरीकी छोरी प्रतिभाले स्थानीय मराठी भाषामा अध्ययन गरेर एसएससीबी परीक्षामा उत्कृष्ट नम्बर ल्याएर पास भएकी हुन् । उनका भाई प्रतिकले पनि ८९ प्रतिशत अंक ल्याएर एसएसीबी बोर्ड पास गरेका छन् । नेपालको कैलालीका कृष्ण कामको खोजिमा धेरै वर्ष पहिले भारत पुगेका थिए । काम खोज्दै जाँदा उनले मुम्बईबाट करिब सय किलोमिटरको दूरीमा रहेको अलिबाग जिल्लाको जिरादमा स्थानीय पोल्टी पसलमा कामका थिए । कृष्णका छोराछोरीले चोन्धी गाउँमा रहको एसएम भड्के स्कुलबाट आफ्नो पढाइ सुरु गरेका थिए ।

### बुद्धबारे भारतीय विदेश मन्त्रीको अभिव्यक्ति आपत्तिजनक : कांग्रेस प्रवक्ता

काठमाडौं । नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले गौतम बुद्धको जन्मस्थानबारे भारतीय विदेश मन्त्री एस जयशंकरको अभिव्यक्ति आपत्तिजनक रहेको बताएका छन् । बुद्ध महान भारतीय हुन् भन्ने जयशंकरको भनाइ सार्वजनिक भएपछि शर्माले यसको विरोध गरेका हुन् । 'भगवान बुद्ध नेपालमा जन्मिएका हुन् । त्यो भाग आजको नेपालमा रहेको पौराणिक र प्रमाणित तथ्यविरुद्ध भारतीय विदेश मन्त्रीको अभिव्यक्तिप्रति हाम्रो गम्भीर आपत्ति छ,' प्रवक्ता शर्माले समाजिक सञ्जाल ट्विटरमा लेखेका छन्, 'आवेगको जवाफमा आवेग पस्किएर नेपाल र नेपालीको संवेदनशीलतामा चोट पुर्‍याउने कार्य हाम्रा लागि किमार्थ स्विकार्य छैन ।'

# कोरोना महामारीकै बेला ऋणको किस्ता तिर्न माल्दिभ्सलाई चीनको ताकेता

काठमाडौं । राष्ट्रपति इब्राहिम सोलिह नेतृत्वको माल्दिभ्स सरकार अहिले कोभिड-१९ विरुद्धको संघर्षमा छ । रिसोर्ट टुरिज्म सेक्टरलाई पुनस्सञ्चालन गर्ने आँट बटुलिरहेको छ । कोरोनाले गर्दा आर्थिक स्थिति धरासायी बनेको छ । माल्दिभ्सको प्रतिपक्षी दलले भारतलाई केन्द्रित गरी विभिन्न गतिविधिहरु गरिरहेको छ । तर, यही संकटका बेला चीनले रिसोर्टमा लगानीको गरेको ठूलो ऋण भुक्तान गर्न ताकेता गरिरहेको छ ।

यस संकटको समयमा चिनियाँ एक्जिम बैंकले माल्दिभ्स सरकारलाई एक करोड अमेरिकी डलर भुक्तान गर्न ताकेता गरेको हो । माल्दिभ्सले १२७ मिलियन अमेरिकी डलर ऋण तिर्न बाँकी छ । कोभिड(१९का समयमा यसरी यति ठूलो रकम एकैपटक चुक्ता गर्दा माल्दिभ्सको रुपैयामा ठूलो असर गर्ने र विदेशी व्यापार र मुद्रा भण्डार प्रभावित हुने जनाइएको छ ।

सार्वभौमलाई ग्यारेन्टी राखेर लिइएको ऋण चुक्ता गर्ने म्याद सरकारी क्षेत्रलाई मात्रै बढाउने गरिन्छ र ग्यारेन्टी गर्ने मुलुकले उक्त ऋण ब्याजसहित हरहालतमा चुक्ता गर्नुपर्ने हुन्छ । सरकारले यदि उक्त ऋणको किस्ता चुक्ता गर्न अस्वीकार गरेमा उसको विश्वसनीयता र विश्वव्यापी क्रेडिट मार्केटमा असर पर्नेछ ।

विपक्षी दलले भने भ्रष्टाचारको मुद्दामा जेलमा रहेका पूर्व राष्ट्रपती अब्दुल्लाह यामिनको समर्थनमा 'वान भ्वाइस' प्रदर्शन गरिरहेका छन् । उनीहरुले सोलिह सरकार असफल भएको भन्दै राष्ट्रपति सोलिहको राजीनामा माग गरिरहेका छन् । उनीहरुले भारतीय सेनालाई माल्दिभ्समा प्रवेश दिएको आरोप लगाइरहेका छन् । सोलिह सरकार चौतर्फी घेराबन्दीमा परेका बेला चीनले पनि थप दबाब दिनका लागि ऋण चुक्ता गर्न ताकेता गरेको हो । समस्या परेका समयमा ऋण चुक्ताका लागि ताकेता गरेर चीन सरकारले ऋण दिएका मुलुकहरुलाई पनि आफ्नो अनुकुलतामा दवावमा राख्ने खोजेको विश्लेषकहरुले बताएका छन्। माल्दिभ्सको यो प्रकरणले ऋण लिएका मुलुकहरु थप सशंकित बनेका छन् ।

# बुद्ध नेपालमै जन्मेका हुन् भन्ने निर्विवाद छ : नेपाल

काठमाडौं । नेपालले गौतम बुद्ध नेपालमै जन्मेका हुन् भन्ने निर्विवाद रहेको र यसका ऐतिहासिक र पुरातात्विक प्रमाणहरु रहेको स्पष्ट गरेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो एउटा स्थापित र निर्विवाद तथ्य हो, ऐतिहासिक र पुरातात्विक प्रमाणहरुका आधारमा गौतम बुद्ध नेपालको लुम्बिनीमा जन्मेका हुन् । उक्त क्षेत्र बुद्ध र बौद्ध धर्मको स्थल तथा यूनेस्कोको विश्व सम्पदा स्थलहरु मध्ये एक हो ।'

भारतीय विदेश मन्त्री एस. जयशंकरले दिल्लीमा भारतीय उद्यमी तथा व्यवसायीहरुको छाता संगठन कन्फडरेसन अफ इन्डिया इन्डष्ट्रिद्वारा शनिबार आयोजित इन्डिया एट ७६ भर्चुअल सम्मेलनमा सम्बोधन गर्ने क्रममा गौतम बुद्ध भारतीय भएको दाबी गरेका थिए ।

जयशंकरको भनाईमा प्रतिक्रिया दिँदै परराष्ट्रले आफ्ना आधिकारिक प्रवक्ताको नामबाट जारी गरेको विज्ञप्तीमा सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफैंले नेपालको संसद्लाई सम्बोधन गर्ने क्रममा 'नेपाल संसारमै शान्ति प्रेषित गर्ने बुद्ध जन्मेको देश हो' भनेको उल्लेख गरिएको छ । 'यो सत्य हो कि बुद्धले नेपालबाट विश्वमै बुद्धिजम फैलाए । त्यसैले यो कुरालाई कुनै पनि दुविधा वा विवादको रुपमा छलफल गर्न सकिन्न । सम्पूर्ण विश्व नै यस विषयमा जानकार छ,' मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

# बुद्ध नेपालमै जन्मिएकोमा कुनै शंका छैन : भारत

काठमाडौं । भारतीय विदेश मन्त्रालयले गौतम बुद्ध नेपालमा जन्मिएकोमा कुनै शंका नरहेको प्रष्ट पारेको छ । मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले जारी गरेको विज्ञप्तिमा भनिएको, 'बुद्ध लुम्बिनीमा जन्मिएका हुन् भन्नेमा कुनै शंका छैन, जुन नेपालमा पर्छ ।' शनिबार नयाँ दिल्लीमा भएको एक कार्यक्रममा भारतीय विदेश मन्त्री एस. जयशंकरले बुद्धलाई महान् भारतीयका रुपमा चित्रण गरेपछि नेपालले यसको विरोध गरेको थियो । परराष्ट्र मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै बुद्ध नेपालमा जन्मिएकोमा कुनै दुविधा नभएको र यसको यथेष्ट प्रमाण पनि भएको बताएको थियो । मन्त्री जयशंकरले कार्यक्रममा दिएको अभिव्यक्तिबारे मिडियाबाट राखिएका जिज्ञासाको जवाफ भनेर जारी गरिएको विज्ञप्तिमा विदेशमन्त्री जयशंकरले नेपाल र भारतबीच रहेको संयुक्त बौद्ध परम्परा र सम्पदालाई इंगित गरेको प्रष्टीकरण पनि दिइएको छ ।

# नेपाल रिपब्लिक पार्टीको आपत्ति

काठमाडौं । पाकिस्तानले चीनको सहयोगमा ऐतिहासिक सांस्कृतिक धरोहरहरु नष्ट गर्न लागेको भन्दै नेपाल रिपब्लिक पार्टीले आपत्ति जनाएको छ ।

पाकिस्तान नियन्त्रित कश्मिरमा अति प्राचीन असङ्ख्य बौद्ध कलाकृति, शिलालेख र ऐतिहासिक(सांस्कृतिक धरोहरहरु नष्ट गर्ने गरी कम्युनिस्ट चीनको सहयोगमा दियामर-भाशा डैम बाँधको निर्माण हुन लागेकोमा नेपाल रिपब्लिक पार्टीले एक विज्ञप्ति जारी आपत्ति जनाएको हो ।

प्रेस विज्ञिप्तमा भनिएको छ, 'गिलगित-बल्तिस्तान क्षेत्रमा निर्माण हुने उक्त बाँधले सात हजार वर्ष अधिका पाँच हजार भन्दा बढी पुरातात्विक महत्वका शिलालेख र कलाकृतिहरू मात्र होइन, सांस्कृतिक-पुरातात्विक वैभवले सम्पन्न एउटा सिङ्गो गाउँ नै डुब्ने छ ।'

बिशेषतः प्राचीन बौद्ध धरोहर भएपनि उक्त सम्पदाले बौद्ध(हिन्दू धर्म(संस्कृतिका साथै मानवीय इतिहास र संस्कृतिकै संरक्षणका दृष्टिले महत्व रहेको छ । यस्तो अवस्थामा बौद्ध(हिन्दू धर्म(संस्कृतिको विरोधी पाकिस्तान र कम्युनिष्ट चीनको साठगाँठमा उक्त बाँधको निर्माण गरिनु ज्यादै आपत्तिजनक छ ।

नेपाल रिपब्लिक पार्टी उक्त ठाउँमा उक्त बाँध निर्माण कार्य तत्काल रोक्न पाकिस्तान र चीन सरकार दुवैलाई आग्रह गरेका छन् । बाँध निर्माण आवश्यक नै भएमा उक्त स्थान भन्दा तल वा माथि यस्तो ठाउँमा निर्माण गरिनुपर्छ । जसले उक्त सम्पदालाई क्षतिग्रत र विनष्ट नबनाओस ।

रिपब्लिक पार्टीले यसबारे नेपाल सरकार, नेपालका बौद्ध-हिन्दू समुदाय र समग्र प्रजातान्त्रिक विश्वको ध्यानाकर्षण गराउन चाहन्छ । धर्म, संस्कृति र मानवीय इतिहास प्रति आस्था राख्ने प्रत्येक देशका र प्रत्येक समुदायको उक्त स्थानमा सो बाँध निर्माण प्रति आपत्ति जनाएको विज्ञप्तिमा उल्लेख छ ।

बाँध उक्त स्थानबाट हटाइएन र धर्म(संस्कृति विरोधी कम्युनिष्ट चीनको उक्साहटमा पाकिस्तानले उक्त विवादित स्थानमै बाँध निर्माण गर्यो भने यसको गम्भीर परिणाम उसले भोग्नु पर्ने समेत नेपाल रिपब्लिक पार्टी चेतावनी दिएका छन् ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०७१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# प्रदेश र संघीय सरकारलाई मृतक र संक्रमितको तथ्यांक मात्रै चाहिन्छ



**हरि प्रसाद मण्डल**
**मेयर, मटिहानी नगरपालिका, महोत्तरी**

**० कोरोना भाइरस (कोभिड-१९) तराई/मधेशको जिल्लामा तीव्रगति फैलिरहेको छ । मटिहानीको अवस्था के छ ?**

– निश्चितरुपमा अहिले सम्पूर्ण विश्व समुदायकै लागि एउटा चुनौतीको घडी हो । सुरुवाती अवस्थामा जतिबेला भारतमा संक्रमण तीव्रगति फैलिरहेको थियो त्यतिबेला हामीले पूर्ण लकडाउन गरेका थियौं । त्यतिबेला भयावह स्थिति भइसकेको थिएन तर अहिले नेपालमा पनि भयावह स्थिति आउँदैछ । विगत दुई सातादेखि यहाँ पनि हामीले लकडाउन गरेका छौं । जनचेतनामूलक कार्यक्रमहरु पनि चलाइरहेका छौं । यसैबीचमा वडा नं. ६ शम्भु महतोको कोरोना संक्रमणबाट मृत्यु भएको छ । उहाँ पहिलादेखि नै विरामी हुनुहुन्थ्यो । उहाँको अवस्था गम्भीर भएपछि जनकपुरमा उपचारका लागि लगिएको थियो र उपचारकै क्रममा उहाँको निधन भयो । उहाँ निधनपश्चात् मटिहानीमा ल्याएर दाहसंस्कार गरिसकेपछि मात्रै रिपोर्ट पोजिटिभ रहेको आयो । उहाँको सम्पर्कमा आएकाहरुको स्वाब संकलन गरेर हामीले अहिले जनकपुर पठाएका छौं । समग्रमा भन्नुपर्दा मटिहानी लगायत महोत्तरी जिल्लाकै अवस्था नितान्त चिन्ताजनक अवस्था छ ।

**० मृतक संक्रमितको ट्राभल हिज्ट्री पनि छ कि ? कन्ट्याक्ट ट्रेसिङ्ग गर्नुभएको छ ?**

– उहाँको ट्राभल हिज्ट्री छैन तर उहाँको एउटा पसल छ । उहाँ आफ्नै पसलबाट संक्रमित हुनुभयो कि भन्ने शंका हामीलाई लागेको छ । उहाँ पहिलादेखि पनि बिरामी हुनुहुन्थ्यो । उहाँको दाहसंस्कारमा सहभागी भएका ५६ जना हुनुहुन्थ्यो । मृतकको रिपोर्ट आएकै दिन ती सबैलाई घरमै होम क्वारेन्टाइनमा बस्न आग्रह गर्‍यौं । त्यहीं दिन वडा नं. ६ लाई सिल गर्‍यौं । दाहसंस्कारमा अग्रपंक्तिमा रहेका करिब १५-१६ जना ती सबैको स्वाब संकलन गरेका छौं । उहाँहरुको रिपोर्ट आइसकेपछि थप अगाडिको कदम चाल्छौं । तर, समयमा रिपोर्ट नआउँदा झन बढी जोखिम बढेको हो ।

**० मटिहानीमा कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको हो ?**

– यस नगरपालिकामा अहिलेसम्म मृतक बाहेक एकजना पनि पोजिटिभ केश देखिएको छैन । तर छिमेकी पालिका जलेश्वर नै अति प्रभावित भएको देखिन्छ । सेवाग्राही कार्यालयहरुमा पनि अहिले कोरोना पोजिटिभहरु फेला परिरहेका छन् । जलेश्वर सदरमुकाम भएको कारणले ओहोर-दोहोर भइरहन्छ । त्यसकारणले मटिहानीभन्दा पनि जिल्लाभरि नै समुदायस्तरमा देखिन थालेका छन् ।

**० नगरपालिकामा कतिको परीक्षण गर्नुभएको छ त ?**

– बुधबार मात्रै हामीले ९० जनाको परीक्षण गरेका छौं । यसअघि हामीले थुप्रैको स्वाब संकलन गरेका थियौं । बाहिरबाट आएकाहरुलाई क्वारेन्टिमा राख्ने गरेका थियौं । तर अहिले कुन पालिकाको पालो आउँछ त्यसपछि मात्रै परीक्षण हुने गरेको छ । त्यसकारणले प्रशस्तरुपमा अहिले त्यतातिर कामै भएको छैन । हामीसँग प्राविधिक, ल्याब इत्यादि छैन । त्यसले गर्दा परीक्षण गर्न सकेका छैनौं । महोत्तरी जिल्लामै प्राविधिक र ल्याब छैन । जनकपुरबाहेक अर्को उपाय छैन । हामी जनकपुरमै आधारित भएकोले कठिनाइ भोगिरहेको अवस्था छ ।

**० जिल्लाको सदरमुकाममै ल्याबको व्यवस्थापन किन हुन सकेन ?**

– जिल्ला अस्पताल जलेश्वरमा पहिला २५ सैय्या मात्रै थियो, पछि ५० सैय्याको अस्पताल भयो । अहिलेसम्म जलेश्वर अस्पतालमा भेन्टिलेटर पनि छैन । कोही त्यस्तो गम्भीर प्रकारको विरामी भए भने बाहिरै ल्याउनुपर्ने स्थिति छ । तर अहिले भेन्टिलेटर थप्ने काम भइरहेको मैले जानकारी पाएको छु । पालिकाहरुलाई अन्तिम अवस्थामा बजेट दिइयो । प्रदेश २ सरकारको करोडौं करोड रुपैयाँ फ्रिज भयो । प्रदेशले नै हरेक जिल्ला अस्पताललाई कम्तीमा एउटा ल्याबको व्यवस्था गरिदिएको भए परीक्षणको दायरा बढ्न सक्थ्यो ।

**० तर प्रदेश सरकारले त संघीय सरकारबाट सहयोग भएन भनेर गुनासो गरिरहेको छ ?**

– संघीय सरकारले सहयोग गरेन, त्यसैले कोरोना रोकथाम र नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न सकिएन भन्ने कुराहरु राजनीतिक कुराहरु मात्रै हुन् । मुख्यरुपमा स्थानीय तहले जसरी युद्धस्तरमा काम गर्‍यो, त्यसको तुलनामा न त प्रदेशले काम गर्‍यो, न त संघीय सरकारले गर्‍यो । सुरुमा स्थानीय निकाय त पूरै तागत लगाएर अहरोत्र खट्यो । तर, परीक्षण गराउनका लागि हामीसँग कीट छैन । प्रदेश र संघीय सरकारसँग मात्रै छ । त्यत्रो महामारी फैलिरहेको बेला जाँचको दायरा प्रदेश अथवा संघीय सरकारले बढाउनुपर्‍यो नि । अहिले पनि प्रदेश सरकारले दैनिक बुलेटिन मात्रै जारी गरिरहेको छ । हामीले जिल्लास्तरबाट मात्रै गरिरहेका छौं । संघ वा प्रदेशले कसरी मर्‍यो भनेर एक पटक पनि सोध्दैनन् । कुनै संक्रमित मरिसकेपछि माथिल्लो निकायबाट कुनै किसिमको सोधीखोजी गर्दैन । त्यसकारणले यो आफैमा एउटा जोखिमता हो ।

**० प्रदेश सरकारले आफ्नो कमजोरी लुकाउन मात्रै संघीय सरकारमाथि आरोप लगाउने गर्छ ?**

– निश्चितरुपमा प्रदेश सरकारले आफ्नो कमी कमजोरी लुकाउन संघीय सरकारमाथि आरोप लगाउने गरेको छ । प्रदेश सरकारको गतिविधि के त ? देखिनुपर्‍यो नि । यस्तो गम्भीर महामारी फैलिरहेको बेलामा सरकार संवेदनशील हुन सकेको छैन । प्रदेशको भूमिका के त यस्तो बेलामा ? प्रदेश र संघीय सरकारलाई दिनको दिन ५ बजेभित्र मृतक र संक्रमितको तथ्यांक मात्रै चाहिन्छ प्रेस मिटमा जानकारी दिनका लागि । त्यसबाहेक अरु केही पनि छैन ।

# मटिहानीमा चित्रगुप्त मन्दिर उद्घाटन

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ८ को कायस्थ टोल मटिहानीमा चित्रगुप्त मन्दिर उद्घाटन भएको छ ।

मटिहानी नगरपालिकाको करिब १० लाख र अन्यको सहयोग गरी करिव १२ लाखको लागतमा सो मन्दिरको निर्माण भएको उपभोक्ता समिति अध्यक्ष इन्द्रलाल कर्णले बताएका छन् ।

यसैबीच नवनिर्मित मन्दिरको उद्घाटन बुधबार मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले एक समारोह बीच गरेका छन् ।



मटिहानी नगरपालिका वडा नं. ८ का अध्यक्ष गणेश प्रसाद साहको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न राजनीतिकर्मीहरु राम कुमार मण्डल, उपेन्द्र प्रसाद चौधरी, बैद्यनाथ मण्डल, नागेन्द्र लाल कर्ण समाजसेवीहरु शेषनारायण लाल कर्ण, रामजी मण्डल र सह प्रा. हेमनारायण लाल कर्ण लगायतको वक्ताहरुले मन्दिर र भगवान चित्रगुप्तको महिमा बारे प्रकाश पारेका थिए । भगवान चित्रगुप्त कायस्थ जातिहरुको अराध्य देवको रुपमा रहेको छ ।

विश्व परिवेश

# कमजोरी लुकाउन पाकिस्तानले भारतविरोधी आन्दोलन बढाएको आरोप

काठमाडौं । भारतले धारा ३७० खारेज गरेपछि काश्मिरमा आतंककारी हमलामा निकै कमी आएको छ भने त्यहाँ पहिलाका तुलनामा उल्लेखनीय शान्ति कायम भएको छ । यद्यपि पाकिस्तानले भने अहिले आफ्नो सरकारको कमजोरीहरु लुकाउन देशव्यापी रुपमा भारतविरोधी अभियान सुरु गरेको भारतीय मिडियाले जनाएका छन् ।

अमेरिकी उद्यम संस्थानका विज्ञ माइकल रुबिनले एक म्यागाजिनमा लेख्दै, पाकिस्तानी प्रधानमन्त्री इमरान खानले कोरोना भाइरसको माहामारीका कारण त्यहाँको अर्थतन्त्रमा उत्पन्न गम्भीर संकटबाट जनताको ध्यान मोड्न भारतविरोधी अभियान सञ्चालन गरेको कुरालाई स्पष्ट पारेका छन् ।

पाकिस्तानले अवैधानिक रुपले उठाएको काश्मिर मुद्दाको विश्वव्यापी निन्दा भइरहदा समेत पाकिस्तानले भने यसलाई निरन्तरता दिएको छ । यतिमात्रै नभई पाकिस्तानमा काश्मिर मुद्दालाई उचालेर भारतविरोधी आर्टीकल नलेख्ने पत्रकारहरुलाई जागिरबाटै निकाल्ने जोखिम समेत बढेको छ । काश्मिरमा भारतको कदमलाई जनसांख्यिक रंगभेद र सैन्य घेराबन्दीको आरोप लगाउन बाध्य पारिएको छ भने पाकिस्तानी पत्रकारहरुलाई कालोपर्दा भित्र राखेर तथ्यहिन पुष्टि गर्न लगाइएको भारतीय रणनीतिक मामिलाका विश्लेषकहरुले जनाएका छन् ।

'इमरान खानको जस्तोसुकै नक्कली बयानले पाकिस्तालाई आतंकवादको जटिलदताबाट उन्मुक्त दिन सक्दैन्, अहिलेसम्म पाकिस्तान कुटनीतिक बचावटबाट मात्रै सामान्य देशहरुका रुपमा रहेको छ नत्र सन् २०१९ मै कालो सुचिको देशमा परेर प्रतिबन्धको सामना गरिसक्थ्यो', रुबिनले भनेका छन् ।

पाकिस्तानी आतंकवादीहरुले भारतीय सीमा क्षेत्रमा उपद्रो मच्चाउँदै आएका छन् । सन् २०१९ मा पाकिस्तानी आतंकारी समुहले १ सय ३५ पटक जम्मु कश्मिरमा आतंक मच्चाएका थिए ।

भारतले धारा ३७० खारेज गरेपछि जम्मु कश्मिर क्षेत्रमा तुलनात्मक रुपमा शान्ति कायम भएको छ । विगतका वर्षका तुलनामा त्यहाँ १७२ स्थानीय आतंकारी समुहरु सक्रिय रहेका थिए तर अहिले त्यो संख्या १ सयमा पुगेको छ । यसरी नै घट्ने हो भने जम्मु कश्मिर क्षेत्रमा आतंकारी समुहरु १० प्रतिशतमा झर्ने अनुमान छ । यद्यपी पाकिस्तानले चिनियाँ योजनाहरुलाई अँगालेर भारतविरुद्ध विभिन्न किसिमका आतंकका स्थितिहरु सिजर्ना गर्न खोजिरहेको आरोप छ ।

# चीनले दक्षिण चीन सागरमा अवरोध खडा गरेर मूल्य तिर्ने जोखिम उठायो: जापान

टोकियो । चीनले दक्षिण चीन सागरको 'यथास्थिति'को अवस्थालाई परिवर्तन गर्ने प्रयास गर्नु गलत कार्य भएको जापानले बताएको छ ।

जापानका रक्षामन्त्री तारो कोनोले चीनले दक्षिण चीन सागरमा जोखिम मोले उसले अन्तर्राष्ट्रिय समुदायबाट कडा जवाफ पाउने चेतावनी दिएका छन् ।

कोनोले सीएएनसँग भनेका छन्,'जसले दक्षिण चीन सागरको यथास्थितिको अवस्थालाई परिवर्तन गर्ने प्रयास गरेका छन् उनीहरु ठूलो मूल्य तिर्न बाध्य हुनेछन् ।'

चीनले विवादित जलक्षेत्र दक्षिण चीन सागरमा कृत्रिम टापुको निर्माण गरेर सेना तथा हतियारहरु तैनाथ गरेको छ । दक्षिण चीन सागर आफ्नो भएको दाबी गर्ने मुलुकहरुले चीनको यस कार्यको विरोध गरेका छन् । यसबीचमा अमेरिका, अस्ट्रेलियासँगै जापानले पनि चीनको विरोध गरेको हो ।

चीनसँगै ब्रुनाइ, मलेसिया, फिलिपिन्स, ताइवान तथा भियतनामले पनि यस सागर आफ्नो भएको दाबी गर्दछ । यसबीचमा अमेरिकाले हालै आफ्ना सहयोगी राष्ट्रको सुरक्षाको लागि भन्दै यस विवादित जल क्षेत्रमा सैन्य अभ्यास गरेको थियो ।

चीनले अमेरिका यस क्षेत्रको दाबीकर्ता नभएको र उसले यस क्षेत्रमा सैन्य अभ्यास गर्नु अन्तर्राष्ट्रिय कानुनको उल्लंघन भएको बताएको थियो ।

अन्तर्राष्ट्रिय अदालतले सन् २०१६ मा दक्षिण चीन सागरलाई चीनले दाबी गर्नु अवैधानिक र आधारहीन कार्य भएको बताएको थियो ।

# मुस्लिम मुलुकहरुलाई भारतविरुद्ध एकताबद्ध बनाउने पाकिस्तानको सपना तुहियो

इस्लामावाद । पाकिस्तान सरकारले काश्मीर मुद्दामा मुस्लिम मुलुकहरुलाई भारतविरुद्ध एकताबद्ध बनाउने गरेको सपना तुहिएको छ । मुस्लिम मुलुकहरुको साझा संस्था अर्गनाइजेसन अफ इस्लामिक को-अपरेसन (ओआईसी) ले अर्को मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने भन्दै पाकिस्तानको प्रस्ताव अस्वीकार गरेपछि उसको सपना तुहिएको हो ।

पाकिस्तानी सञ्चारमाध्यम डनका अनुसार पाकिस्तानी विदेश मन्त्री शाह मोहम्मद क्वेरेसी आदरपूर्वक ओआईसीलाई काश्मीर मुद्दाहरूको बारेमा परराष्ट्र मन्त्रीहरूको परिषद्लाई बोलाउन आग्रह गरेका थिए अथवा पाकिस्तानले कश्मीरमा सँगै उभिन तयार रहेका इस्लामिक देशहरूको बैठक बोलाउने योजाना गरेको थियो ।

ओआईसीको विदेश मन्त्रीहरूको बैठकको लागि पाकिस्तानले जोड दिइरहेको छ । किनभने भारतले जम्मू कश्मीरलाई पुऱ्याइएको राज्यलाई विशेष दर्जा दिएका धारा ३७० लाई खारेज गरेको छ । भारतले अन्तर्राष्ट्रिय समुदायलाई भनेको छ कि कश्मीरको स्थिति खारेज गर्ने निर्णय आफ्नो आन्तरिक मामला भएको र यसमा धेरै देशहरुले समर्थन गरेको छ ।

डनले प्रकाशित गरेको समाचारमा एक पाकिस्तानी कूटनीतिक स्रोतले यो पुष्टि गऱ्यो कि साउदी अरेबियाले काश्मीरमा ओआईसी विदेश मन्त्रीहरूको तत्काल बैठकको लागि इस्लामाबादको अनुरोधलाई स्वीकार गर्न नसक्ने संकेत गरेको छ ।

## भारत र अमेरिकी विदेशमन्त्रीबीच फोन वार्ता

नयाँदिल्ली । अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ र भारतीय विदेशमन्त्री एस जयशंकरबीच फोनवार्ता भएको छ । वार्ताका क्रममा अमेरिका र भारतबीचको सम्बन्धका विविध विषयहरुमा कुराकानी भएको थियो । यी दुई देशबीचको शान्ति, समृद्धि र सुरक्षाका विषयमा कुराकानी भएको बताइएको छ ।

त्यसैगरी दुई विदेशमन्त्री बीचमा अफगानिस्तानमा शान्ति स्थापनाको विषयमा पनि कुराकानी भएको बताइएको छ । अफगानिस्तानमा अमेरिकी प्रयासमा शान्ति वार्ताको प्रयास भएको बताइएको छ ।

त्यसैगरी हाल विश्वव्यापी महामारीका रुपमा रहेको कोरोना भाइरसले अमेरिका र भारतमा धेरै नागरिक सङ्क्रमित बनाएको अवस्थामा त्यसको नियन्त्रण र रोकथामका लागि आपसमा मिलेर एक अर्कोलाई के कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा पनि कुराकानी भएको बताइएको छ ।

अमेरिकी विदेशमन्त्री पोम्पेओले सो वार्तापछि भने- भारतका विदेशमन्त्री एस जयशंकरसँग राम्रो कुराकानी भयो, त्यसक्रममा विशेषगरी अमेरिका र भारतबीचको सम्बन्धका विषयमा कुराकानी भएको थियो ।

## भारतले बढायो सुन धितोमा कर्जाको सीमा

काठमाडौं । कोभिड-१९ का कारण प्रभावित साना तथा मझौला उद्योगका लागि भारतीय रिजर्भ बैंकले थप सुविधा दिने भएको छ । बिहीबार आरबीआईका गभर्नर शक्तिकान्त दासले कोभिड-१९ का कारण जोखिममा परेको उक्त क्षेत्रलाई उद्दार गर्न यसअघि ल्याइएको रिजोल्युसन प्लान अन्तर्गत आरबीआईले 'गर्नुपर्ने काम'हरु सार्वजनिक गरेका हुन् । उनले ल्याएको योजनामा ऋणको पुनर्संरचना र रिपो दरलाई ४ प्रतिशतमा सीमित गर्ने योजना ल्याएका छन् । आरबीआईले ल्याएको उक्त योजना अन्तर्गत ऋणको पुर्निरचना अवधिलाई २०२१ को मार्चसम्म पुर्याइएको छ । यसअघि यो अवधि जनवरीसम्म थियो । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा उच्च वृद्धि भएपछि आरबीआईले बैंकहरुलाई सुन धितोमा कर्जा दिन प्रोत्साहन गरेको छ । यसअघि सुन धितोमा ७५ प्रतिशत सम्म कर्जा उपलब्ध गराउने व्यवस्थालाई संशोधन गरेर आरबीआईले ९० प्रतिशत कायम गरेको छ । आरबीआईले आवास क्षेत्रमा लगानी गर्ने राष्ट्रिय आवास बैंक र कृषि तथा ग्रामीण विकास क्षेत्रमा लगानी गर्दै आएको नाबार्डलाई ५०/५० अर्बको आर्थिक सहायता समेत उपलब्ध गराएको छ । त्यस्तै, अन्य बैंकहरुको नगद व्यवस्थापनका लागि बैंकहरुको सीआरआरमा लचकता अपनाइने जनाइएको छ । बैंकले केभी कामाथको नेतृत्वमा एउटा कमिटि गठन समेत गरेको छ । यसले आरबीआईले ल्याएको रिजोल्युसन प्लानको व्यवस्थामा थप परिमार्जनका लागि सुझाव दिनेछ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**घटनासँग असम्बन्धित व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं ।।**

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नु हुँदैन ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य उत्पादन, वितरण वा प्रकाशन/प्रसारण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


जिल्ला समाचार

## वीरगञ्जको नेशनल मेडिकल कलेजलाई कोरोना अस्पताल बनाइने

वीरगन्ज । जिल्ला संकट व्यवस्थापन केन्द्र पर्साले नेसनल मेडिकल कलेजलाई कोभिड-१९ अस्पतालको रुपमा सञ्चालन गर्ने निर्णय गरेको छ । जिल्लामा कोभिड-१९ का संक्रमितहरुको बढ्दो संख्याका कारण संक्रमितका उपचार र व्यवस्थापनको लागि हाल सञ्चालनमा ल्याइएका दुईवटा कोभिड अस्पतालको बेड संख्या प्रयाप्त नदेखिकाले कलेजलाई कोभिड अस्पतालको रुपमा सञ्चालन गर्न केन्द्रको बसेको बैठकले निर्णय गरेको हो । बैठकले मेडिकल कलेज उपयुक्त देखिएकाले उक्त अस्पताललाई कम्तिमा ३ सय बेडको कोभिड-१९ उपचार व्यवस्थापन गर्ने अस्पतालको रुपमा सञ्चालन गर्न लगाउने र यसमा थप पहल एवं समन्वयको लागि केन्द्रीय संकट व्यवस्थापन केन्द्र र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी ललित कुमार बस्नेतले जनाए । नारायणी अस्पतालमा कार्यरत ३८ जना स्वास्थ्यकर्मीहरु संक्रमित भई आकस्मिक बाहेक नियमित सेवा प्रवाह अवरुद्ध भएकाले थप स्वास्थ्यकर्मीको व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने संकट व्यवस्थापन केन्द्रले निर्णय गरेको छ । वीरगन्ज महानगरपालिका क्षेत्रमा साउन १० गतेदेखि र सदरमुकाम बाहिर साउन १९ देखि निषेधाज्ञा लगाइएको छ । अतिआवश्यक सेवा बाहेक अन्य सेवा बन्द गरिएकोमा बैंक र खाद्य तथ किराना पसल सञ्चालन गर्न निर्णय गरिएको हो ।

## सूचना अधिकारी भर्चुअल अभिमुखीकरण

बाँके । जिल्ला प्रशासन कार्यालय बाँकेको आयोजना तथा जिल्ला हुलाक कार्यालय बांके र सूचना तथा मानवअधिकार अनुसन्धान केन्द्र बांकेको समन्वयमा कोरोना भाइरस (कोभिड १९) को समस्याका बीच भर्चुअल अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै जुममार्फत बांके जिल्लामा रहेका सार्वजनिक निकायहरुका सूचना अधिकारीहरुको क्षमता विकासका लागि आइतबार सूचना अधिकारी अभिमुखीकरण भर्चुअल कार्यकम आयोजना गरिएको थियो । बाँकेका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरावाङ्गले सुरु गरेको बाँके जिल्लाका नागरिकहरुलाई सुशासन तथा कानूनको शासनको प्रत्याभूति दिलाई जनतामा राज्य संयन्त्रप्रतिको आशा तथा भरोसा सिर्जना गराउने अभियानअन्तर्गत यो क्षमता विकास कार्यकम आयोजना गरिएको थियो । उक्त अभिमुखीकरण कार्यकमको मुख्य वक्ता तथा सहजकर्ता पूर्वप्रमुख सूचना आयुक्त कृष्णहरी बास्कोटा रहेका थिए । विशेष वक्तामा बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्याय तथा अन्य वक्ताहरुमा जिल्ला हुलाक कार्यालयका कार्यालय प्रमुख गोबिन्द प्रसाद पाण्डे र सूचना तथा मानवअधिकार अनुसन्धान केन्द्र बाँकेका अध्यक्ष विश्वजित तिवारी रहेका थिए । उक्त अभिमुखीकरण कार्यकममा सबै सार्वजनिक निकायका सूचना अधिकारीहरुको काम, कर्तव्य तथा अधिकार, सूचना अधिकार कानून, नागरिक र सूचना अधिकारको सम्बन्ध, सूचना प्रवाह गर्ने तरिका, सुशासन र सूचनाको हक लगायतका विषयमा सूचना अधिकारीहरुलाई जानकारी दिइएको थियो । कार्यकममा बाँकेका ५० भन्दा बढी सार्वजनिक निकायका सूचना अधिकारीहरुको उपस्थिति रहेको थियो । सूचना अधिकारीलाई यसरी क्षमता विकास गरेर आयोजकले निकै राम्रो काम गरेको कुरा कर्मचारी संचय कोष कार्यालय कोहलपुरका सूचना अधिकारी मनोज लामिछानेले बताए । कोरोना कहरका बीच सूचना प्रविधिको प्रयोग सूचना अधिकारीहरुको क्षमता विकासको कार्यकम नेपालमा पहिलो पटक गरिएको वाणिज्य कार्यालय नेपालगंजका सूचना अधिकारी देवीलाल चौलागाईले बताए । कार्यकममा पत्रकार शुकऋषि चौलागाईले सूचनाको हकका क्षेत्रमा कार्यरत निकायहरुले तथा पदाधिकारीहरुले थप सकियता बढाउनु पर्ने बताए । सूचना अधिकारी अभिमुखीकरण भर्चुअल कार्यकमको संचालन तथा सहजीकरण सूचना तथा मानवअधिकार अनुसन्धान केन्द्रका कार्यकरी निर्देशक राकेशकुमार मिश्रले गरेका थिए ।

## बारा र पर्सामा ३५ कोरोना संक्रमित थपिए

वीरगन्ज । बारा र पर्सामा ३५ जना कोरोना संक्रमित थपिएका छन् । प्रदेश २ मा दिनानुदिन संक्रमितहरु बढ्दै गएका छन् । योसँगै पर्सामा कोरोना संक्रमित १ हजार १ सय ४५ पुगेको छ । खासगरी पर्सा जिल्ला कोरोनाको रेडजोनमा परिणत हुँदै गइरहेको छ । नारायणी अस्पतालको पीसीआर प्रयोगशाालमा गरिएको परीक्षका क्रममा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो । कन्ट्याक्ट ट्रेसिङबाट संकलन गरिएको स्वाब नमुना परीक्षणका क्रममा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको प्रयोगशालाले जनाएको छ । अधिकांश संक्रमित घण्टाघर, रानीघाट, घडिअर्वा क्षेत्रका छन् । वीरगञ्ज-११ पानीट्यांकीको २८ वर्षीय, वीरगञ्जकै १४ वर्षीया किशोरी, २३ र २२ वर्षीय युवक र ४५ वर्षीय पुरुषमा कोरोना संक्रमण देखिएको छ । वीरगञ्ज-९ को २९ र ३२ वर्षीया महिला तथा १२ वर्षीया बालिकामा पनि कोरोना देखिएको छ । वीरगञ्ज-१० घडिअर्वाका ५४ वर्षीय पुरुष, १० र ८ वर्षीय बालक, वीरगञ्ज-१० कै १८ वर्षीय युवक, वीरगञ्ज-९ घण्टाघरका ५५ र ३८ वर्षीय पुरुष, ५०, २६, ३७ वर्षीया महिला, ९ र ५ वर्षका बालिका तथा ७ वर्षका बालकमा पनि कोरोना संक्रमण पुष्टि भएको छ । वीरगञ्ज-९ रानीघाटका ५४, ४५, ४१, २४, २५ वर्षीय पुरुष र ३७ वर्षीया महिलामा पनि कोरोना संक्रमण देखिएको छ । वीरगञ्ज-९ गणेशटोलका ४५ वर्षीय पुरुष र वीरगञ्ज लालपर्साका २६ वर्षीय युवकको पनि कोरोना परीक्षण पोजेटिभ रिपोर्ट आएको छ । बाराको प्रसौनी गाउँपालिका-१का ३३ वर्षीय पुरुष, वीरगञ्ज कारागारका ३७ वर्षीया महिला र ८ वर्षीय बालकमा कारोना देखिएको छ ।

## ८० बोरो सुर्ती बरामद

सुनसरी । बर्जु गाउपालिका-५ बाट करिब ४ लाख रुपैयाँ बराबरको ५८ बोरा तयारी सुर्ती र २२ बोरा खुल्ला समेत गरी ८० बोरा सुर्ती मंगलबार बिहान प्रहरीले बरामद गरेको छ । भारतीय बजारबाट नेपालतर्फ भन्सार छलेर ठूलो मात्रामा सुर्ती ल्याई भण्डारण गरेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले उक्त सुर्ती फेला पारी बरामद गरेको हो । बरामद सुर्ती आवश्यक कारवाहीको लागि सुनसरी भन्सार कार्यालय कोशीव्यारेज पठाइएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## युवक मृत फेला

कैलाली । भजनी नगरपालिका-७ चर्रा बस्ने ३६ वर्षीय अशोक पासी सोही ठाउँस्थित गणेशमान आधारभूत विद्यालयको नजिकै डुबान भएको स्थानमा माछा मार्न लगाएको पासोमा अल्झिएको अवस्थामा मृत फेला परेका छन् । सोमबार बेलुकी घरबाट बाहिर गएका उनी मंगलबार बिहानमृत फेला परेका हुन् ।

## कोरोना विशेष अस्पतालमा दुई जनाको मृत्यु

बुटवल । बुटवल कोरोना विषेश (अस्थायी) अस्पतालमा उपचाररत् दुई जनाको मृत्यु भएको छ । कोरोना विशेष अस्पतालको आइसोलेसनमा भर्ना भएका कपिलवस्तुको कपिलवस्तु नगरपालिका वडा नं. २ तौलिहवाका ४२ वर्षीय कृष्णकुमार गुप्ता र कपिलवस्तुको कृष्णनगरका २५ वर्षीय प्रदीप तेलीको मंगलबार राति मृत्यु भएको हो । गुप्ता साउन २५ गते र तेली साउन २७ गते अस्पतालमा भर्ना भएका थिए । गुप्तामा कोरोना संक्रमण पुष्टि भए पनि तेलीको स्वाब परीक्षण हुन बाँकी छ । दुवै जनालाई भर्ना भएकै दिनदेखि भेन्टिलेटरको सहायतामा उपचार सुरु गरिएको थियो ।

## कोरोनाका कारण मोरङमा पनि एकको मृत्यु

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मोरङमा थप एक पुरुषको मृत्यु भएको छ । बुधबार बिहान बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मोरङका ५५ वर्षीय पुरुषको मृत्यु भएको हो । मृतक पुरुष मोरङको बुढीगंगा गाउँपालिका-२ गंगा चोकका बासिन्दा हुन । श्वाश्सप्रश्वासमा समस्या र ज्वरो देखिएका पुरुषलाई गम्भिर अवस्थामा २६ साउनमा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएको थियो । योसँगै प्रदेश १ मा कोरोना संक्रमणका कारण ज्यान गुमाउनको संख्या ७ पुगेको छ । सातै जना मोरङका हुन् ।

# चीनमा उइगर महिलाहरुसँग फोर्स्ड म्यारीज

काठमाडौं। सन् १९७९ मा चीनले पहिलो पटक एक बच्चा नीति ल्याएको थियो। उक्त नीतिको चर्को विरोध भएको थियो। उक्त नीति अनुसार हरेक अभिभावकले एकभन्दा बढी सन्तान जन्माउन नपाउन बाध्य पारिएको थियो। छोरा पाउनका लागि परिवारको दबाबका कारण छोरी भए(नभएको जाँच गराएर गर्भपतन गराउने क्रम बढ्न थाल्यो। यसको परिणामस्वरूप एक विकृत जनसांख्यिकीय अवस्था सिर्जना भयो। उक्त जनसांख्यिकीय विकृतिलाई रोक्न अहिले चीन सरकारले अलपसंख्यक उइगर महिलालाई हान पुरुषसँग विवाह गर्न बाध्य पारेर उक्त विकृति रोक्ने गलत प्रयास गरिरहेको छ। सन् २०१५ मा चीनले एक बच्चा नीति खारेज गऱ्यो। अहिले अभिभावकहरुले दुई बच्चा जन्माउन थालेका छन्। चीनमा अहिले महिलामाभन्दा पुरुषको संख्या तीन करोडभन्दा बढी छ। र महिलाहरु अहिले विवाह गर्न अस्वीकार गरिरहेका छन्। परिणामस्वरुपमा चीनमा लिंग अनुपातमा समस्या उत्पन्न भएको छ। जसका कारण अधिकांश पुरुषले विवाह नगरेर नै जीवन गुजारीरहेका छन्। चिनियाँहरुले विवाहका लागि केटी नपाउँदाको परिणाम मानवतस्करी र जबरजस्तीकरणी बढेको छ। अहिले विभिन्न मुलुकबाट विवाह गर्ने नाममा युवतीको तस्करी चीनमा बढ्दो छ। एक अध्ययनका अनुसार चिनियाँहरुले विवाहका लागि केटीको परिवारलाई तीन हजारदेखि १३ हजार अमेरिकी डलरसम्म तिर्ने गरेका छन्। यसले चीनमा 'फोर्स्ड म्यारिज' को क्रम बढिरहेको छ। चीनले पछिल्लो समय उइगर पुरुषहरुलाई हिरासतमा राख्ने उइगर महिलाहरुलाई विवाह गर्न बाध्य पारिरहेको छ। 'यो त्यस्तो सरकार हो जसले 'आम बलात्कार' लाई प्रायोजन गरिरहेको छ,' रुसान अब्बासले डेली सिटिजनसँगको अन्तर्वार्तामा भनिन्। उनी उइगरको अधिकारको लागि जारी अभियानका प्रमुख हुन्। अमेरिकामा रहेर उइगरहरुको अधिकारका लागि विभिन्न अभियानहरु चलाइरहेकी छन्। उनले उइगरमाथिको चिनियाँ नरसंहार रोक्नुपर्ने माग गरिरहेकी छन्। सन् २०१४ देखि चीन सरकारले उइगरहरुमा दमन र हिरासत र उत्पीडन सुरु गरेको हो। लाखौं उइगरहरुलाई चीनले नियन्त्रणमा राखेको छ। बाहिर जे देखिए पनि यो महिला र युवतीहरुमाथिको चीनको निशाना रहेको उनले बताएकी छन्।

# यसरी बहिस्कृत हुँदैछ चीन

काठमाडौं। विश्वभर नक्कली सामान बेच्दै आएको चीन अन्ततः विश्वबाट बहिस्कृत हुँदै गएका संकेतहरु मिल्न थालेका छन्। कोभिड-१९ को महामारीका कारण चीनले विश्वका धेरैजसो मुलुकमा स्वास्थ्य सामग्री निर्यात गऱ्यो। त्यसमा अधिकांश नक्कली सामान थिए। त्यसबाट पनि चीन नक्कली सामानका लागि बदनाम कमाउँदै गएको छ। त्यसैगरी सामान निर्यात पनि घट्दै गएको छ। तर उसले आफूलाई झन् बढी निर्यात भइरहेको दावी पेश गर्न भने छाडेको छैन।

चीनको ठूलो बजार हिस्सा भारतमा पनि ओगटिएको छ। तर विश्वबाट बहिस्कृत हुँदै गर्दा पनि चीनले भने यसलाई मजाककै रुपमा लिएको छ।

चीनको सरकारी पत्रिका ग्लोबल टाइम्सले गत शनिबार एक ट्वीट गर्दै भारतले गरेको 'बाइकट चाइनिज प्रोडक्टस' अभियानको मजाक उडाएको हो। यसका लागि चिनियाँ भन्सार विभागले तथ्यांक पनि सार्वजनिक गरेको छ। जसअनुसार चीनको भारतमा हुने निर्यात बढेको छ। जुन महिनामा ४.७८ अर्ब डलरको निर्यात बढेकोमा जुलाईमा ५.६० डलरको निर्यात भएको देखाइएको छ। जबकि भारतको दावी अनुसार चीनबाट भारतमा आयात हुँदै आएको सामानमा कमी आएको छ। भारतले चीनबाट गत जुन महिनामा केबल २५ हजार १७६ भारतीय रुपैयाँको सामान मगाएको उल्लेख छ। भारतीय वाणिज्य मन्त्रालयका अनुसार यो वर्ष जनवरीदेखि जुनसम्म भारतले चीनबाट कम मात्रामा सामग्री खरिद गरेको छ।

# राम मन्दिरको बारेमा साम्प्रदायिक उत्तेजना नदेखाउन पाकिस्तानलाई भारतको चेतावनी

काठमाडौं। भारतको अयोध्यामा राम मन्दिरको शिलान्यास गरिएको कुरामा पाकिस्तानले आलोचना गरेपछि भारत सरकारले आन्तरिक मामिलामा चासो नराख्न चेतावनी दिएको छ। भारतले पाकिस्तानलाई साम्प्रदायिक उत्तेजना नदेखाउन भन्दै चेतावनी दिएको हो। भारतका विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले पाकिस्तानलाई भारतको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न समेत सुझाव दिएका छन्। 'भारतको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै इस्लामिक रिपब्लिक अप पाकिस्तानले सार्वजनिक गरेको प्रेस विज्ञप्ती हामीले पायौं, पाकिस्तानले भारतका आन्तरिक मामिलामा साम्प्रदायिक उत्तेजना रोक्न र आन्तरिक मामिलामा कुनै हस्तक्षेप गर्नुपर्दैन', श्रीवास्तवले भने। भारतको नितान्त आन्तरिक मामिलामा आफ्नै देशका हिन्दुहरुमाथि उत्पिडन गर्ने पाकिस्तानले आलोचनात्मक टिप्पणी गरेपछि रुष्ट भएको भारतले कडा प्रतिक्रिया जनाएको हो। यसबाहेक भारतीय विदेश मन्त्रालयका प्रवक्ता श्रीवास्तवले पाकिस्तानले जम्मु र कश्मिरलाई आफ्नो नक्सामा राखेर अवैधानिक कदम चाल्दै सीमा क्षेत्रमा आतंक मच्चाउन खोजिरहेको बताए।

## १० नाकाबाट मात्र आवतजावत गर्न पाउने

काठमाडौँ। सरकारले भारतबाट स्थलमार्ग हुँदै नेपाल आउनका लागि १० सीमा नाका तोकेको छ। यसअघि २० वटा नाका तोकिएको १० वटा मात्र सीमित गरेको सरकार प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधि मन्त्री डा युवराज खतिवडाले जानकारी दिए। उनका अनुसार काकँडभित्ता (झापा), रानी (मोरङ), माडर (सिराहा), गौर (रौतहट), वीरगञ्ज (पर्सा), बेलहिया (रुपन्देही), कृष्णनगर (कपिलवस्तु), जमुनाह (बाँके), गौरीफन्टा (कैलाली) र गड्डाचौकी (कञ्चनपुर) रहेका छन्। कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्न ती नाका तोकिएका हुन्।

ती नाकाबाट आउने व्यक्तिहरूको अभिलेख प्रदेश सरकारका समन्वय र नेपाली सेनाको सहयोगमा सम्बन्धित जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले राखि ति व्यक्तिलाई क्वारेन्टिनमा राख्ने व्यवस्था गर्नेछ। यस्तै भारततर्फको सीमावर्ती क्षेत्रमा रहेका वस्ती एवं बजारमा कोभिड-१९ को सङ्क्रमण फैलिरहेका अवस्थालाई मध्य नजर गर्दै नेपाल-भारत सीमाबाट नेपाल प्रवेश गर्न तोकिएका १० नाकाबाहेक अन्यत्र कुनै पनि स्थानबाट दैनिक रूपमा किनमेलका लागि आवतजावत गर्न, उद्योगका लागि कुनै पनि प्रकारको जनशक्ति र कामदार ल्याउन एवं कुनै पनि प्रकारको आवतजावत हुन नदिने व्यवस्था सम्बन्धित जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले मिलाउने जिम्मा दिइएको मन्त्र डा खतिवडाले दिए।

# नेपाली सेनालाई भारतले दियो १० वटा आइसीयु भेन्टिलेटर



काठमाडौं। विद्यमान विश्वव्यापी महामारी कोभिड-१९ विरुद्ध लड्न सहयोग पुऱ्याउने प्रयास अनुरुप भारतीय सेनाले नेपाली सेनालाई दशवटा आइसीयु भेन्टिलेटर उपहार स्वरुप प्रदान गरेको छ। नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले यी भेन्लिटेरहरु सुकीर्तिमय राष्ट्रदीपबाट सम्मानित एवम् भारतको मानार्थ महारथी उपाधिबाट सुशोभित नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापालाई नेपाली सेनाको मुख्यालय जङ्गी अड्डामा आयोजित कार्यक्रममा प्रदान गरेका छन्। एडभान्स्ड इन्भेसिभ तथा नन् इन्भेसिभ रेस्पिरेटरी सर्पोटका लागि यी भेन्टिलेटरहरु व्यापक रुपमा प्रयोग गर्न मिल्ने गरी डिजाइन गरिएका छन्। यी भेन्टिलेटरहरु अस्पतालका आइसीयु, बहु-विशेषतायुक्त अस्पताल तथा विशेष आइसीयु कक्षमा बिरामीको हेरचाहका लागि प्रयोग गर्न सकिन्छ। यसको अलावा विशेष तरिकाले निर्माण गरिएकाले गम्भीर अवस्थाका र सघन उपचार आवश्यक पर्ने बिरामीहरुको ओसारपसारमा यी भेन्टिलेटरहरु सहज र उपयोगी छन्। मानवीय सहायता तथा राहतका लागि पहिलो सहयोगीको रुपमा लामो समयदेखि भारतीय सेनाले नेपाली सेनालाई सहयोग गर्दै आएको छ। दुई देशका सेनाबीच रहिआएको निरन्तर मानवीय सहयोग अन्तर्गत उक्त भेन्टिलेटरहरु उपहार स्वरुप प्रदान गरिएको हो। हस्तान्तरणका क्रममा राजदूत क्वात्राले कोभिड-१९ विरुद्धको लडाईमा विजय प्राप्तिका लागि नेपालका जनतालाई सबै आवश्यक सहयोग पुऱ्याउन भारत प्रतिबद्ध रहेको स्पष्ट पारे।

## नेपाल-भारतबीच मंगलबार द्विपक्षीय वार्ता हुँदै

काठमाडौं। नेपाल र भारतबीच कालापानीको सीमा विवादयता पहिलोपटक वार्ता हुने भएको छ। वार्ता काठमाडौंमै भिडियो कन्फरेन्समार्फत् हुनेछ। वार्ताको मिति तय नभएपनि १८ अगष्टका हुनसक्ने जनाइएको छ। भारत सरकारको सहयोगमा भइरहेको विकास आयोजनाको प्रगतिबारे वार्ता केन्द्रित हुने बताइएको छ। भारतको सहयोगमा नेपालको तराई क्षेत्रमा सडक तथा रेल मार्ग निर्माण भइरहेको छ भने भूकम्पपछिको पुनर्निर्माण, प्रहरी प्रशिक्षण एकेडेमी, पोलिटेक्निक कलेज तथा पाइपलाइन निर्माणको काम पनि भइरहेको छ। परियोजनाहरुको मूल्यांकनका लागि सन् २०१६ मा गठन गरिएको संयुक्त समितिको बैठक पछिल्लो पटक सन् २०१९ को जुलाईमा भएको थियो। वार्तामा नेपालका तर्फबाट परराष्ट्र सचिव शंकर दास बैरागीले टोलीको नेतृत्व गर्नेछन्। भारतका तर्फबाट राजदुत विनय मोहन क्वात्राले नेतृत्व गर्नेछन्। भारतले नेपालमा सडक, पुर्ननिर्माण, रेल्वे, तेल पाइपलाइन, सीमा चेकप्वाइन्ट, नेपाल प्रहरी एकेडेमीलगायतको निर्माणमा सहयोग गरिरहेको छ। यसपटकको वार्ता विकास निर्माण आयोजनाको प्रगतिबारे केन्द्रित हुनेछ।

## पोष्ट पार्सल हबको संचालनपछि श्रीनगरको पार्सल डेलिभरी र इ-कमर्स सेवामा सुधार

काठमाडौं। भारत सरकारले संविधानको धारा ३७० को खारेज गरेसँगै जम्मू कश्मीरलाई निकै सुविधा उपलब्ध भएको भारतीय संचारमाध्यमहरुले जनाएका छन्। श्रीनगरमा उद्घाटन गरिएको इन्डिया पोष्ट पार्सल हब पूर्ण रूपमा सञ्चालनमा आएसँगै पार्सल वितरण र ई-वाणिज्य सेवाहरू सुधार भएका रिपोर्टहरुमा बताइएको छ। सहरमा पार्सल हबको नहुँदा र ई-वाणिज्य सेवाहरूको अभावका कारण मानिसहरू धेरै अवरोधहरूको सामना गरिरहेका थिए। अब, पारदर्शीताका साथ सजिलो पार्सल सेवाहरूले नागरिकको झन्झटिलो सपिङको अवरोधलाई हटाइदिएको छ। भारत पोस्ट पार्सल हब जनवरीमा उद्घाटन गरिएको थियो। यससँग धेरै सुविधाहरू जस्तै क्रमबद्ध, नयाँ तौल मेशिनहरू र पार्सलहरूको अनलाइन बुकिंग कार्य भइरहेको छ।

## आर्थिक समाचार

### अम्बानी बने विश्वको चौथो धनाढ्य

नयाँदिल्ली। भारतीय व्यापारी मुकेश अम्बानी विश्वको चौथो धनी व्यक्ति बनेका छन्। ब्लुम्बर्ग बिलेनियर्स इन्डेक्सअनुसार युरोपेली लक्जरी कम्पनी लुईं भुँट्टोका मालिक बर्नार्ड आर्नल्टलाई उछिन्दै उनी सो स्थानमा उक्लिएका हुन्। बिलेनियर्स इन्डेक्स अनुसार अम्बानीको नेटवर्थ ३२ करोड ६० लाख डलरले बढी ८० अर्ब ६० करोड डलरमा पुगेको थियो। कारोबारमा आर्नल्टको नेटवर्थ भने १ अर्ब २४ करोड डलर घटेर ८० अर्ब २० करोड डलरमा झरेको थियो। यस वर्ष अम्बानीको सम्पत्ति २२ अर्ब डलर थपिएको छ। सोही अवधिमा आर्नल्टको नेटवर्थ २५ अर्ब १० करोड डलरको कमी आएको छ। हालैका हप्तामा अम्बानीले अर्बपतिको सूचिमा एलन मस्क, सेर्गे ब्रिन, ल्यारी पेज, वारेन बफेटलगायतलाई उछिनिसकेका छन्। अम्बानीले विस्तारै आफ्नो ध्यान ई-कमर्शमा लगाइरहेका छन्।

### ग्लोबल आइएमईको एक्सटेन्सन काउण्टर घोराहीमा

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले आइतबार दाङको घोराहीमा नयाँ एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ। मालपोत कार्यालय, घोराहीका प्रमुख विनोद कुमार पौडेलले बैंकको ४०औं एक्सटेन्सन काउण्टरको उद्घाटन गरेका छन्। बैंकले सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै दाङ जिल्लाको घोराही उप-महानगरपालिका वडा नं. १५ स्थित भूमि सुधार तथा मालपोत कार्यालय परिसरमा एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको हो। बैंकले मालपोत कार्यालय अन्तर्गतका सेवाग्राही लगायत अन्य ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्ने प्रयोजनार्थ यस एक्सटेन्सन काउण्टर सुरु गरेको हो। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७१ वटा जिल्लामा फैलिएको शाखा सञ्जालसहित २३४ एटिएम, ४० एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २०३ शाखारहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २० लाख भन्दा बढी ग्राहकहरुमाझ सेवा प्रदान गर्दै आइरहेको छ।

### आइएमई पे र जनरल इन्सोरेन्स कम्पनी लिमिटेडवीच सम्झौता

काठमाडौं। आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई पे र जनरल इन्सोरेन्स कम्पनी लिमिटेडवीच सम्झौता भएको छ। सम्झौता अनुसार आइएमई पेका सेवाग्राहीहरूले जनरल इन्सोरेन्स कम्पनी लिमिटेडको प्रिमियम पुनः भुक्तानीका लागि आइएमई पेका झण्डै २५ हजार एजेन्ट पार्टनरबाट सेवा लिन सक्नेछन्। झन्डै २५ हजार एजेण्ट आउटलेट संजाल भएको 'आइएमई पे' आइएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तीय सेवा प्रदायक उत्पादन हो। नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट विनियमावली- २०७२ बमोजिम आइएमई डिजिटलले दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने अनुमति प्राप्त गरेको हो। यस्तो अनुमति पाउने आइएमई डिजिटल देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो। आइएमई डिजिटलले ' आईएमई पे ' ब्रान्ड अन्तर्गत मोबाइल वालेट सेवा उपलब्ध गराउनेछ र यसको मद्दतबाट सेवाग्राही आफैले अथवा एजेन्टहरूको सहयोग लिएर मोबाइल मार्फत् विभिन्न किसिमका भुक्तानी सम्बन्धी कार्य गर्न सक्नेछन्।

## नयाँदिल्लीमा नेपाली युवतीको उद्धार

काठमाडौं। एक वर्षअघि काठमाडौंबाट भारतको नयाँ दिल्ली लगेर बेचबिखनमा परेकी एक नेपाली युवतीलाई आफन्त नेपालको रेस्क्यु फाउन्डेशनको पहलमा उद्धारसहित स्वदेश फिर्ता गरिएको छ। दिल्लीको माल्बिय नगर पुऱ्याइएपछि उनलाई पूजा नाम गरेकी महिला र उनका श्रीमान्ले यौन व्यवसायमा लगाएका थिए। आफन्त नेपालमा क्रियाशील नवीन जोशीका अनुसार ती युवतीलाई एक एजेन्टले नै माया गर्ने नाटक गरेर राखेको तथा सोही काम गराउँदै पैसा आफैं लिने गरेपछि उनले आफू फसेको महसुस गरेकी थिइन्। स्वदेश फिर्तापछि ती महिलालाई हाल होम क्वारेन्टिनमा राखिएको छ। आफन्त नेपालका परामर्शकर्ता तथा उनको स्वदेश फिर्तीमा प्रत्यक्ष संलग्न लक्ष्मी विष्टका अनुसार उनको मानसिक स्थिति बिग्रिएको छ। उनका अनुसार थुप्रै औषधि प्रयोग गराइरहँदा मानसिक स्थिति बिग्रिएको देखिन्छ।

र
रतीय मूलकी सांसद कमला
लागि डेमोक्याट्रिक पार्टीबाट
तर्फबाट उपराष्ट्रपति पदमा
दको उम्मेदवार बन्ने पहिलो
छेदपछि ह्यारिसलाई आमाले
छ।

# जसपाको...

गरेको छ। यादव अध्यक्ष हुन खोज्दा अर्को समस्या थपिएको बताइएको छ।

नेतृत्वमै विवाद सुरु भएपछि एकीकृत पार्टीको अन्य काम ओझेलमा परेको छ। पार्टीको सिद्धान्त, विचार लगायतका विषय अहिले गौण जस्तै भएको जसपा नेताले बताए। दुई पार्टीबीच एकीकरण घोषणाअघि ठाकुरलाई एकीकृत पार्टीको अध्यक्ष बनाउने सहमति भएको थियो। तर, सो सहमतिबाट पछि हट्दै समाजवादीले यादवलाई अघि सारेपछि विवाद सुरु भएको हो।

**पदकै लडाई**

जसपामा बाबुरामको मर्यादा फेरि चौथौ नम्बरमै राखिएको छ। बाबुरामको मयार्दालाई अशोक राइ पछि राखेर बैठक समापन गरिएको छ।'अब बाबुरामजी औपचारिक रुपमै चौथो मयार्दामा हुनुहुन्छ' एक नेताले बताए। यसअघि बाबुरामलाई राष्ट्रिय परिषद्को अध्यक्ष दिने भनी सहमति गरिएको थियो तर बैठकमा एक शब्द पनि राष्ट्रिय परिषद्को विषयमा कुरा उठाइएन। बाबुरामले आफूले पनि उठाएनन्। अरु नेताहरुले पनि उठाएनन्। बाबुरामले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको विषयमा ब्याख्या मात्र गरेनन, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली नेपालकोलागि सबैभन्दा उत्तम बिकल्प भएको दावी गरे। बाबुरामको जुन भनाइलाई तत्कालीन राजपाका नेताहरुले मन पराएनन्। पूर्व राजपाका नेताहरु अहिले पनि नवगठित पार्टी संसद्बाट निर्वाचित प्रधानमन्त्रीय पद्धतिमा पार्टी जानु पर्ने अडान राख्दै आएका छन्। यस विषयमा पार्टीमा टुंगो लाग्न सकेको छैन।

बैठकमा क-कसलाई उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, प्रवक्ता, सचिव लगायतका पदहरु बाँडफाँड गने भन्ने विषयमा नेताहरुले टुंगो लगाउन सकेनन्। यसमा पूर्व समाजवादीका नेताहरुले पूर्व राजपालाई दोष दिने गरेका छन्। जसपाले १ सय ५१ सदस्यीय राजनीतिक समिति र ७ सय ५१ सदस्यीय केन्द्रीय समिति मनोनयन गर्न बाँकि नै छ। कार्यकारिणी समितिमा नअटाएका व्यक्तिहरुलाई राजनीतिक समिति र राजनीतिक समितिमा नअटाएमा केन्द्रीय समितिमा राख्ने आश्वासन ठाकुर र यादवले दिएका छन्। त्यसैले पनि पार्टीका दोश्रो तहका नेताहरुले तत्काल राजनीतिक समिति र केन्द्रीय समिति मनोनयन गर्न दबाब दिइरहेका छन। सुरुदेखि नै असन्तुष्ट राजकिशोर यादव र अनिल झालाई कसरी व्यवस्थापन गर्ने भन्ने समस्या ठाकुर र यादवलाई छ।

गत बैशाख १० गते राती हतार हतारमा तत्कालिन राजपा र समाजवादीका नेताहरुले वार्ता गरी दुई पार्टी एकीकरण गरेर जनता समाजवादी पार्टी गठन गर्ने सहमति गरेका थिए। पार्टी गठन गर्ने सहमति हुँदा खाली एकीकृत पार्टीको नाम र महन्थ ठाकुरलाई पहिलो अध्यक्ष स्विकार गर्ने निर्णय बाहेक बाहेक अरु कुनै विषयमा सहमति भएको थिएन। त्यसपछि पार्टी भित्रको संगठनात्मक संरचना, घोषणपत्र, विधान, लगायतका विषयमा सहमति जुटाउन पार्टीका नेताहरुलाई हम्मेहम्मे परिरहेको छ।

**'प्रधानमन्त्री मानसिक दृष्टिले कमजोर'**

जसपाले प्रधानमन्त्री केपी शर्मा ओलीमा राष्ट्रका मूल मुद्दातिर भन्दा आफ्नो कुर्सी बचाउने ध्येय देखिएको र उनी शारीरिक तथा मानसिक दुवै दृष्टिले कमजोर रहेको टिप्पणी गरेको छ। उसले राष्ट्रपतिलाई समेत विवादमा तानेको भन्दै प्रधानमन्त्रीको कडा आलोचना गरेको छ।

पार्टीले कोभिड-१९ संक्रमण नियन्त्रणको दिशामा सरकार असफल भएको र भ्रष्टाचारमा लिप्त भएको उल्लेख गरेको छ। उसले जनताको आन्दोलनबाट स्थापित संघीयता, गणतन्त्र, धर्मनिरपेक्षतालगायतका पक्षलाई कमजोर पार्न लागेको, पहिचान र अधिकारका लागि जनताले उठाएका मागलाई जातिवादका रूपमा चित्रण गरेर देशभित्रै विभाजनको बीउ रोपेको आरोप पनि प्रधानमन्त्रीमाथि लगाएको छ।

अध्यादेशमार्फत पार्टी विभाजन गर्ने र प्रमुख प्रतिपक्षलाई भूमिकाविहीन बनाउने काम गरेको भन्दै उसले दुई देशबीचको कूटनीतिक र आर्थिक सम्बन्धलाई आफ्नो कुर्सी बचाउने स्वार्थबाट व्याख्या गरेको आरोप पनि लगाएको छ। जसपाले भनेको छ, 'कूटनीतिक अपरिपक्वता र असन्तुलन प्रदर्शन गर्ने देशभित्र नश्लवादलाई प्रोत्साहन तथा भ्रष्टाचार र कालोबजारी एवं कमिसनखोरीलाई बढावा दिने कार्य भएको छ।'

पार्टीका सांसद रेशमलाल चौधरीको रिहाइ, मधेश जनविद्रोह तथा थरुहट आन्दोलनका क्रममा झूटा मुद्दा लगाएर थुनिएका पार्टीका नेता तथा कार्यकर्ताको रिहाइको माग गरेको छ। जनता समाजवादीले संसदमा आफ्ना पार्टीका सांसदहरूले गैरसरकारी विधेयकका रूपमा दर्ता गराएको संविधान संशोधनको विधेयक पारित गर्नुपर्ने माग पनि अघि सारेको छ।

# प्रदेश २...

महेन्द्र यादव, शरत्सिंह भण्डारी, राजकिशोर यादव, अनिल कुमार झा लगायतलाई छुट्टाछुट्टै भेटी सबै मन्त्रीहरुलाई हटाउन माग गरेका छन्।

जसपाका प्रदेश २ सांसदहरु मनिष सुमन, उपेन्द्र महतो, विदेश्वर यादव, बाबुलाल साह, किशोरी यादव, शारदा शंकर, पारस साह, प्रह्लाद गिरी, अशोक यादव, रमेश पटेल, कौशल यादव लगायतले केन्द्रीय कार्यकारिणी समितिका मुख्य नेताहरुलाई डेलिगेशन दिएका हुन्।

यता, प्रदेश २ का मन्त्रीहरु जितेन्द्र सोनल, रामनरेश राय र नवलकिशोर साहले अध्यक्षद्वय ठाकुर र यादवलाई सामूहिक रुपमा भेटी आफूलाई मन्त्रीबाट नहटाउन अनुनय-विनयका आर्थिक प्रलोभन पनि देखाइरहेको चर्चा पार्टीमा व्यापक छ। ती मन्त्रीहरु अध्यक्षद्वयसँग सामूहिक पनि भेटिरहेका छन् भने एक्लाएक्लै पनि भेटिरहेको पार्टीनिकट स्रोतले बताएको छ। पार्टीप्रति जिम्मेवार नेता कार्यकर्ताहरुले नेतृत्वलाई लोभलालचमा नफँसी पार्टी जोगाउन मन्त्रिमण्डल परिवर्तनको विकल्प नरहेको माग गरिरहेका छन्।

मन्त्रीहरुले आफूहरुको निरन्तरताका लागि जति पनि आर्थिक प्रलोभन दिन सक्ने स्रोतको दाबी गरिएको छ।

ती मन्त्रीहरु अध्यक्षद्वयलाई लोभलालचसमेत दिइरहेको स्रोतको दाबी छ। प्रदेशका मन्त्रीहरु पूर्णरुपमा मधेश आन्दोलन र मधेशी शहीदलाई बदनाम गरिरहेकोले अविलम्ब मन्त्रिपरिषद्मा फेरबदल हुनुपर्ने माग ती सांसदहरुको छ।

डेलिगेशन दिने सांसदहरुले प्रदेशमा मन्त्रीहरुको कार्यशैलीका कारण प्रदेश सरकार बदनाम भएको, भ्रष्टाचारले चरम सीमा नाघेको, जातिवाद मौलाएको, आर्थिक चलखेल गरेकोले पार्टीको जनाधार बिग्रिरहेको, संघीयता विरुद्ध जनमत तयार भइरहेकोले पार्टी नेतृत्वलाई आग्रह गरेका छन्।

प्रदेश २ का सांसद (राजपाबाट) विदेश्वर यादव (बिक्की)ले आफूहरुले सम्पूर्ण मन्त्रिमण्डल नै परिवर्तनका लागि पार्टीका शीर्ष नेतृत्वलाई भेटेरै दबाब दिएको कुरा मधेशवाणीलाई बताएका छन्। उनले भने, 'प्रदेश २ का सरकारबाट अलिकति पनि सन्तुष्ट हुने ठाउँ छैन। अहिलेसम्म जनताले महसुस गर्ने एउटा पनि काम यो सरकारले गर्न सकेन। त्यसैले हामी सबैलाई हटाएर नयाँ अनुहार आउनुपर्छ।'

यसैगरी, जसपाका नेता डा.विजय कुमार सिंहले पनि प्रदेश सरकारप्रति असन्तुष्टि व्यक्त गरेका छन्। मधेशवाणी रेडियो कार्यक्रममा डा.सिंहले प्रदेश २ को सरकार पूर्णरुपमा असफल देखिएकोले नेतृत्वले गहिरो समीक्षा गर्नुपर्ने धारणा राखेका छन्।






**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं